का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ फागुन २०८२
बिहीबार
19 February 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
इपेपर हेर्न
वर्ष २४, अंक २८। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# देश दौडाहामा रवि–बालेन

छुट्टाछुट्टै चुनावी प्रचारमा रहेका रास्वपाका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र साह (बालेन) बुधबार एकसाथ सुदूरपश्चिमको धनगढीमा देखिए । अब उनीहरू प्रमुख सहरहरूमा सँगसँगै पुग्नेछन् ।



> म खुद्रा-खुद्रामा कुरा गर्न होइन, सबै समस्या पूरा गर्न आएको छु ।
>
> ■ **रवि लामिछाने**, सभापति

> भोट माग्न आएको होइन । काम माग्न आएको हो, काम दिनुस् है ।
>
> ■ **बालेन शाह**, वरिष्ठ नेता

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) देशव्यापी अभियानमा निस्किएको छ । यसअघि छुट्टाछुट्टै चुनावी प्रचारमा रहेका रास्वपाका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) बुधबार एकसाथ सुदूरपश्चिमको धनगढीमा देखिए । अब उनीहरू प्रमुख सहरहरूमा सँगसँगै पुग्नेछन् ।

धनगढीको सभामा रवि र बालेन दुवैले सम्बोधन गरे । यसअघि गत माघ ५ गते जनकपुरमा रास्वपाले उद्घोष सभा गरेको थियो । जहाँ उनीहरू एकसाथ देखिएका थिए । ६ माघमा उम्मेदवारी दर्ता गरेपछि बालेन र रवि आ-आफ्नो ढंगले प्रचारमा निस्किएका थिए ।

त्यसपछि एकैपटक धनगढीमा एकसाथ देखिएका उनीहरूले भाषण कम र काम ज्यादा गर्ने प्रतिबद्धता जनाए । सुदूरपश्चिमलाई टाढा नभएर नजिक बनाउनुपर्ने भन्दै उनले भने, 'रास्वपा यहाँ भोट माग्न आएको होइन । काम माग्न आएको हो, काम दिनुस् है ।' चुनाव जितेपछि कसले भोट दियो वा दिएन भन्ने नहेरी विकासको गति अगाडि बढाउने वरिष्ठ नेता शाहको प्रतिबद्धता छ ।

रास्वपाका सभापति लामिछानेले आफूहरू स-साना समस्या नभएर देशकै समस्या समाधान गर्न राजनीतिमा आएको बताए । नागरिकका सडक पूर्वाधार लगायतमा चासो रहेको उल्लेख गर्दै उनले भने, 'म खुद्रा-खुद्रामा कुरा गर्न होइन, सबै समस्या पूरा गर्न आएको छु ।'

बिहीबार रास्वपाको कर्णाली प्रदेशमा कार्यक्रम छ । जहाँबाट रास्वपाले चुनावी घोषणापत्रको विस्तृत विवरण सार्वजनिक गर्दैछ । रास्वपाले चुनावी घोषणापत्रलाई जनतासँगको करारपत्र भनेको छ ।

फागुन १० पोखराको अमरसिंह चौरमा रास्वपाको चुनाव केन्द्रित कार्यक्रम छ । नेताहरूका अनुसार बाँकी सहरहरूमा पनि कार्यक्रम बन्दैछन् ।

२१ फागुनको निर्वाचनका लागि यही फागुन ४ गतेदेखि प्रचारप्रसारको समय सुरु भएको हो । प्रचारप्रसारको कार्यक्रम यही फागुन १८ गतेसम्म चल्नेछ । त्यसपछि मौन अवधि सुरु हुनेछ ।


यसपटकको निर्वाचनमा ६७ दलका चुनावी मैदानमा छन् । २७५ सदस्यीय प्रतिनिधिसभामा १६५ जना प्रत्यक्षतर्फबाट निर्वाचित हुन्छन् भने ११० जना समानुपातिक निर्वाचन प्रणालीमार्फत चुनिन्छन् । १६५ सिटका लागि ६७ दल र स्वतन्त्रसमेत गरी तीन हजार ४०६ जना उम्मेदवार छन् । ११० सिटका लागि ६३ वटा दलबाट तीन हजार २१३ जना उम्मेदवार छन् । समानुपातिकतर्फ दलले पाएको सिटका आधारमा सांसद संख्या तय हुन्छ भने प्रत्यक्षतर्फ खसेको मतको बहुमत ल्याउनुपर्छ ।

रास्वपा बालेन शाहलाई भावी प्रधानमन्त्रीको रूपमा प्रस्ताव गरेर अगाडि बढेको छ । रवि लामिछाने यसअघि नै उपप्रधान तथा गृहमन्त्री भइसकेका व्यक्ति हुन् । उनीविरुद्ध सहकारी ठगी, >>> पृष्ठ २ मा

## बदलिएको कांग्रेस

# शैली नयाँ एजेन्डा पुरानै

- सम्मानित नेपाली भएर बाँच्न पाउने नेपाल
- सपना देख्न सक्ने नेपाल
- सम्पत्ति र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्ने नेपाल
- पेटभरी खुवाउने, देशलाई चिनाउने किसानको नेपाल
- ओखती र ओत दिने नेपाल
- छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल
- बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल
- मौलिकतामा गर्व गर्न सक्ने आधुनिक नेपाल
- विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल
- समुन्नतिमा लम्कने नेपाल



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ फागुन

नेपाली कांग्रेसले प्रतिज्ञापत्रका १० वटा बुँदा सार्वजनिक गरेको छ । चुनावी घोषणापत्रलाई कांग्रेसले प्रतिज्ञापत्र नाम दिएको हो ।

लम्बेतान चुनावी घोषणापत्र ल्याउने र लामा/लामा भाषण गर्ने शैलीमा नेपाली कांग्रेसले केही फेरबदल गर्न खोजेको छ । तर चुनावी एजेन्डाका बुँदाहरू भने पुरानै प्रवृत्तिका देखिन्छन् ।

बुधबार सार्वजनिक गरिएको प्रतिज्ञापत्रमा रहेका १० बुँदा कसरी कार्यान्वयन हुने आधारबारे व्याख्या गर्न नै बाँकी छ । प्रतिबद्धताका बुँदाहरूमा भने विगतमा जस्तै विकास र समृद्धिको सपना देखाइएको छ ।

सम्मानित नेपाली भएर बाँच्न पाउने नेपाल, सपना देख्न सक्ने नेपाल, सम्पत्ति र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्ने नेपाल, पेटभरी खुवाउने, देशलाई चिनाउने किसानको नेपाल बनाउने भनिएको छ । यस्ता प्रतिबद्धता कांग्रेस र अन्य दलले समेत विगतदेखि नै गर्दै आएका छन् ।

कांग्रेसको प्रतिज्ञापत्रमा ओखती र ओत दिने नेपाल, छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल, बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल, मौलिकतामा गर्व गर्न सक्ने आधुनिक नेपाल, विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल, समुन्नतिमा लम्कने नेपाल बनाउने विषय पनि छ ।

यी सपना पूरा गर्ने आधार जनताले खोजिरहेका छन् । यसबारे विस्तृत बिहीबार सार्वजनिक गर्ने कांग्रेसले जनाएको छ । कांग्रेसका सभापति गगन थापाले चुनावी प्रतिज्ञापत्रमा समेटिएका विषयमा खुला प्रश्नोत्तर गर्दैछन् । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले >>> पृष्ठ २ मा

> नेपालको अबको पाँच वर्ष खेर फाल्न हुन्न, गएको १०/१२ वर्ष जसरी विकास हुनुपर्थ्यो, त्यो हुन सकेन ।
>
> ■ **गगन थापा**
> सभापति



## बिरासतको दबाबमा कांग्रेस

# सहानुभूतिको आसमा मिश्र

चुनावी विश्लेषण
**काठमाडौं-१**



प्रबल थापा | मोहन रेग्मी | रञ्जु दर्शना | रविन्द्र मिश्र

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ५ फागुन

कुनैबेला नेकपा (एमाले)को गढ मानिने काठमाडौं-१ मा बितेका दुई दशक नेपाली कांग्रेसले प्रभाव जमायो । अघिल्ला चार निर्वाचनमा यसै क्षेत्रबाट निरन्तर निर्वाचित कांग्रेस नेता प्रकाशमान सिंह यसपटक भने चुनावी मैदानमा छैनन् । तर, उनीसँग मतान्तर घटाउँदै आएका राप्रपा वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र तेस्रोपटक उम्मेदवार बनेका छन् । कांग्रेसभित्रको असन्तुष्टि र सिंहको अनुपस्थितिको फाइदा आफूलाई हुने र चुनाव जित्ने आशामा उनी देखिन्छन् ।

२०४६ मा बहुदलीय प्रजातन्त्र पुर्नस्थापनापछिका तीन वटा चुनावमा एमालेका उम्मेदवार यस क्षेत्रबाट निर्वाचित भए । २०५६ सम्मै यहाँ एमालेको दबदबा थियो । २०४८ मा जननेता मदन भण्डारीले यसै क्षेत्रबाट चुनाव जिते । उनको निधनपछि उपचुनावमा विद्या भण्डारीलाई पहिलोपटक सांसद् बनाउने क्षेत्र पनि यही हो । उनीपछि मनमोहन अधिकारी र प्रदीप नेपालले पनि काठमाडौं-१ बाट चुनाव जितेका थिए । त्यसपछिका चार चुनाव भने कांग्रेसले जित्दैआएको छ । कुनैबेला लालकिल्ला मानिने यो क्षेत्रमा २०७९ को चुनावमा एमाले उम्मेदवार चौथो बनेका थिए । २०६४ को पहिलो संविधानसभाबाट कांग्रेस नेता सिंहले यो क्षेत्रमा आफ्नो प्रभाव बढाएका थिए । उनले २०६४, २०७०, २०७४ र २०७९ का चुनाव सजिलै जिते । २०७४ मा सिंहले १० हजार ९३६ मत ल्याएर निर्वाचित हुँदा विवेकशील साझाका तर्फबाट उम्मेदवार बनेका रविन्द्र मिश्रले १० हजार ११८ मत पाएका थिए । त्यसबेला उनी ८१८ मतान्तरले पराजित भए । २०७९ मा राप्रपाबाट उठेका उनै मिश्रले मतान्तर घटाएर १२५ मतमा झारे । सिंह ७ हजार १४३ मत ल्याएर निर्वाचित हुँदा मिश्रले ७ हजार १८ मत प्राप्त गरेका थिए । कांग्रेस-राप्रपाबीच रोचक प्रतिष्पर्धा हुँदा >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## जापानका लागि उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने फोडेज नेपालको तालिम

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ फागुन

फोडेज नेपाल प्रा.लि.ले जापानी श्रम बजारका प्रमुख तीन क्षेत्रका लागि उच्चस्तरको जनशक्ति तालिम सञ्चालनको औपचारिक सुरुवात गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्ले, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङ तथा जापानी लगानीकर्ताहरूले बुधबार फोडेज तालिम केन्द्रको संयुक्तरूपमा रिवन काटेर उद्घाटन गरे ।



हाल जापानमा नर्सिङ हेरचाह, भवन सफाइ व्यवस्थापन, मेसिन पार्ट्स र टुलिङ, औद्योगिक मेसिनरी, इलेक्ट्रिक/इलेक्ट्रोनिक/सूचना, निर्माण, >>> पृष्ठ २ मा

### दक्ष नेपालीले जापानी रोजगारदाता खुसी : सचिव डा. काफ्ले



**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्लेले नेपाल र जापान सरकार तथा >>> पृष्ठ २ मा

प्रजातन्त्रका आधारभूत पक्ष

- संवैधानिक सर्वोच्चता।
- बहुलवादको सम्मान ।
- विधिको शासन ।
- शक्ति पृथकीकरण।
- आवधिक निर्वाचन ।
- मौलिक हक।
- मानव अधिकार।
- प्रेस तथा वाक स्वतन्त्रता ।
- सामाजिक न्याय तथा समावेशीकरण ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
www.madhyanhadaily.com
७ फागुन २०८२ बिहीबार
19 February 2026 Thursday

# क्रान्तिको आधारभूमिलाई विकासको नमुना बनाउँछौं : प्रचण्ड



**रुकुमपूर्व/मस**–नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले रुकुमपूर्वको सिस्ने गाउँपालिकाका विभिन्न स्थानमा जनतासँगको भेटघाट तथा अन्तरक्रियामा क्रान्तिको आधारभूमिलाई विकासको नमुना जिल्लामा रूपान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सिस्ने गाउँपालिकाको खुपिचार, खारा, भीङ, पोखरा, सिस्नेरी र धपेमा आयोजित कार्यक्रममा उनले जनयुद्धकालीन स्मृतिहरू सम्झँदै रुकुम-रोल्पा आफ्नो राजनीतिक कर्मथलो रहेको बताए । उनले भने, 'रुकुमपूर्व मेरा लागि नयाँ ठाउँ होइन । म ४१ वर्ष पहिले नै यहाँ आएको थिएँ । रुकुम-रोल्पा मेरै नेतृत्वमा भएको जनयुद्धको आधार इलाका हो । यहीँबाट मैले क्रान्तिको नेतृत्व गरेँ', उनले भने ।

संयोजक दाहालले रुकुमपूर्वलाई आफ्नो अर्को कर्मथलोका रूपमा उल्लेख गर्दै यहाँ आउँदा नयाँ ऊर्जा प्राप्त भएको बताए । जनतासँगको भेटघाटलाई उहाँले विजय उत्सवसँग तुलना गरे । 'कतै भव्य जुलुस छ, कतै पञ्चेबाजा बजेका छन् । मत माग्न होइन, विजय उत्सव मनाइरहेको जस्तो लाग्छ', उनले भने ।

उनले वर्तमान निर्वाचनलाई नियमित प्रक्रिया नभई विशिष्ट समयको राजनीतिक प्रतिस्पर्धा भएको उल्लेख गरे । आफ्नो नेतृत्वको पार्टी सुशासन र भ्रष्टाचारविरुद्ध राष्ट्रिय अभियानमा अग्रसर रहेको बताउँदै जनताले सकारात्मक शक्तिलाई विजय गराउने विश्वास व्यक्त गरे ।

उनले निर्वाचन निष्पक्ष र धाँधलीरहित हुनुपर्नेमा जोड दिँदै सेना र प्रहरीप्रति भरोसा व्यक्त गरे । 'यो निर्वाचन राष्ट्रका लागि महत्वपूर्ण छ । देशलाई दुर्घटनातर्फ लैजाने कि जोगाउने भन्ने फैसला यही चुनावले गर्छ', उनले भने । भौतिक कठिनाइका बाबजुद जनताबीच पुग्दा आफूले नयाँ ऊर्जा प्राप्त गरेको बताउँदै दाहालले रुकुमपूर्वलाई विकासको नमुना जिल्ला बनाउने प्रतिबद्धता दोहोऱ्याए ।

## देश...

संगठित अपराध र सम्पति शुद्धीकरणको मुद्दा समेत चलिरहेको छ । रास्वपाले लामिछानेविरुद्धको मुद्दालाई तत्कालीन सरकारको प्रतिशोधको रूपमा लिँदै आएको छ ।

रास्वपा २०७९ साल असारमा जन्मिएको पार्टी हो । विघटित प्रतिनिधिसभामा चौथो शक्तिको रूपमा उदाएको थियो । यसपटक राष्ट्रिय शक्ति बन्ने दाबी गर्दै अगाडि बढेको छ । यसकारण रास्वपाको चुनाव केन्द्रित कार्यक्रम आम चासोको रूपमा रहँदै आएको छ ।

## बदलिएको...

प्रतिज्ञापत्रका बारेमा देशविदेशबाट प्रश्न लिँदै सभापति थापाबाटै जवाफ दिने कार्यक्रम तय भएको जानकारी दिएका छन् । यसका लागि बिहीबार दिउँसो १ बजेदेखि काठमाडौंको राष्ट्रिय सभागृहमा 'हाम्रो प्रतिज्ञा-तपाईंको प्रश्न' कार्यक्रम राखिएको छ ।

चालिसेका अनुसार सभागृहमा ठुलो एलइडी स्क्रिनमार्फत प्रतिज्ञापत्रको संक्षेपमा जानकारी गराइनेछ । प्रविधिको प्रयोग गरेर संसारभरिबाट प्रत्यक्ष रूपमा प्रश्न सोध्न सकिने र त्यसमा प्रत्यक्ष रूपमा सभापतिले जवाफ दिने व्यवस्था गरिएको छ ।

अर्थात्, सभापति थापाले चुनावी प्रतिबद्धता जनाउने तरिकामा केही नयाँपन अपनाउन खोजेका छन् । पुराना नेता र उनीहरूका शैलीमाथि प्रश्न उठाउँदै पार्टी नेतृत्वमा पुगेका नेता हुन् । विशेष महाधिवेशनबाट सभापति निर्वाचित भएका थापा 'कांग्रेस बदल्यौं, अब देश बदल्छौं' नारा दिँदै चुनावी प्रचारमा रहेका छन् ।

बुधबार प्रतिज्ञापत्र सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्नेक्रममा भने उनी नयाँ र पुराना दुवैको नेतृत्व गर्न सक्ने व्यक्तिका रुपमा आफूलाई देखाउने प्रयास गरे । यसका लागि संयमित देखिन खोजे । नेपाललाई सुधार चाहिएको र सुधारको ग्यारेन्टी लिएर आफूहरू उभिएको भन्दै उनले भनेका छन्, 'नेपालको अबको पाँच वर्ष खेर फाल्न हुन्न, गएको १०/१२ वर्ष जसरी विकास हुनुपर्थ्यो, त्यो हुन सकेन ।'

## बिरासतको...

एमालेलाई रास्वपाले उछिनेको थियो । रास्वपाका पुकार बमले ४ हजार ११५ मत ल्याउँदा एमालेका उमेदवार किरण पौडेलले ३ हजार ५३२ मतसहित चौथो बनेका थिए । नेपाल सुशासन पार्टीका रमेश खरेलले ३ हजार १२४ मत प्राप्त गरेको निर्वाचन आयोगको तथ्यांकले देखाउँछ । नेपालका लागि नेपाली पार्टीको उमेदवार बालकृष्ण न्यौपानले ५९० मत प्राप्त गरेका थिए । सो निर्वाचनमा कांग्रेसलाई माओवादी केन्द्रसहित पाँच दलीय गठबन्धनको साथ थियो ।

अहिले सबै दलहरु एक्लाएक्लै मैदानमा छन् । नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट आएको नयाँ नेतृत्वले सिंहको निरन्तरतामा ब्रेक लगाउँदै नयाँ उम्मेदवार अघि सारेको छ । सभापति गगन थापाले बानेश्वर थापागाउँका युवा नेता प्रवल थापालाई चुनावी मैदानमा उतारेका छन् । प्रकाशमान र उनीनिकट कार्यकर्ता असन्तुष्ट छन् । तर चुनाव नजिकीँदै जाँदा कांग्रेसको आन्तरिक एकता बलियो बनेको र आफ्नो जित निश्चित भएको थापाको दाबी छ । संघीय सांसदको भूमिका नीति निर्माणसमेत रहने हुँदा आफूले उद्यमशीलता र स्थायित्व कायम गर्ने सन्दर्भमा नेतृत्वदायी भूमिका निर्माण गर्ने बताए । 'मेरो दलमा अहिले कुनै समस्या छैन, केवल जित निकाल्न सबै नेताहरू एकजुट छौं', उनले भने, 'काठमाडौं १ देशकै मुटु हो । यसले ७७ जिल्लालाई सन्देश दिनेछ ।' ४२ वर्षिय थापा पार्टीको प्रदेश सभा क्षेत्रीय सचिव हुन् । उनलाई तत्कालीन नेपाल सुशासन पार्टीका उम्मेदवार रमेश खरेलले समेत समर्थन गरेका छन् ।

दुईपटक पराजित भएका राप्रपा नेता मिश्र यस पटक बाजी मार्ने योजनासहित घरदैलोमा छन् । तर मैदानमा रास्वपा, एमालेलगायतका दलहरु पनि रहेकाले चाहेजस्तो जित भने सहज देखिँदैन् । यद्यपि उनले यसपटक पक्का जित्ने दाबी गर्दै आएका छन् । 'म गत निर्वाचनमा जितिसकेको थिए तर, टेक्निकल रूपमा मलाई हराइयो । यसपटक काठमाडौं १ का मतदाताले मलाई न्याय गर्छन् भन्नेमा ढुक्क छु', मिश्रले मध्यान्हसँग भने, 'सुशासन र राजसंस्थासहितको हिन्दु राज्य पुर्नस्थापना गरेर नागरिकलाई सम्पन्न बनाउने मेरो एजेण्डा हो ।'

रास्वपाले केही समयअघि पार्टी प्रवेश गरेकी रञ्जु न्यौपाने 'दर्शना' लाई उठाएको छ । यस अघिको निर्वाचनमा उनी विवेकशील साझा पार्टीबाट काठमाडौं ५ बाट उठेर झिनो मत प्राप्त गरेकी थिइन् । यसपटक सुरुमा रास्वपाले उनलाई समानुपातिक सूचीमा राखेको थियो । उनी गर्भवती भएकाले पनि प्रत्यक्षभन्दा समानुपातिकमै जोड थियो । तर, पार्टीको प्रारम्भिक मतदानमा पाएको मतभन्दा सूचीमा तल राखिएपछि असन्तुष्ट बनेर उम्मेदवारी फिर्ता लिएकी रञ्जु प्रत्यक्षमै मैदानमा उत्रिएकी हुन् ।

एमालेले यस क्षेत्रमा उमेदवार फेरेर मोहनराज रेग्मीलाई अघि सारेको छ । रेग्मी पनि काठमाडौं-१ कै बासिन्दा हुन् ।

गत निर्वाचनमा यस क्षेत्रमा कांग्रेस र राप्रपा मुख्य प्रतिस्पर्धामा थिए भने रास्वपा र एमाले पछिपछि थिए । अहिले पनि प्रतिस्पर्धा त्यस्तै रहने पूर्वानुमान छ । निरन्तरको पराजयले मिश्रप्रति सहानुभूतिको मत पनि आउने देखिन्छ भने आन्तरिक विवाद मिलाउन सके थापाले युवाहरुको साथ पाउन सक्छन् । एमालेले पूरासो साख फर्काउने दाबी गरिरहेको छ भने रास्वपाको पक्षमा पनि माहोल बन्दै गएको दर्शना बताउँछिन् ।

त्यस्तै, नेकपाले मेनुका भण्डारी 'कृतु'लाई उम्मेदवार बनाएको छ । उनी पत्रकारिता र सामाजिक अभियान्ताको पृष्ठभूमिबाट आएकी हुन् । भण्डारी यसअघि नेकपा एकीकृत समाजवादीमा थिइन् । यो क्षेत्रमा जनता समाजवादी पार्टी, नेपालबाट प्रकाश नायजु नेपाल मजदुर किसान पाटी (नेमकिपा) बाट रमिला ज्याख्व (सुवाल), प्रगतिशील लोकतान्त्रिक पार्टीबाट सबिन सिग्देल उमेदवार बनेका छन् ।

त्यस्तै, श्रमसंस्कृति पार्टीबाट समिर लामा तामाङ, मितेरी पार्टी, नेपालबाट राजकुमार लिम्बु, नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बाट धनराज शाही, उज्यालो नेपाल पार्टीबाट मंगलाल श्रेष्ठ, नेपाल जनसेवा पार्टीबाट अर्जुनबहादुर शाही, समावेशी समाजवादी पार्टी सुरेन्द्र पाण्डे, जनादेश पार्टी नेपालबाट कमल सुवेदी उमेदवार छन् । असिमानसिंह बस्न्यात, कमल कोइराला, कुशल खत्री, कुमार शाही स्वतन्त्र उमेदवार छन् । त्यस्तै, किरण शाह, राजु भुजेल, रमेशप्रसाद जोशी, राजकुमार बजगाईं, शम्भु पोखरेल, शान्ति श्रेष्ठ, सुरेन्द्रप्रसाद ढकाल, सागर जोशी, संगित बमसहित उम्मेदवार छन् ।

## जापानका...

जहाज निर्माण/जहाज मेसिनरी, अटोमोबाइल मर्मतसम्भार, उड्डयन, आवास, कृषि, मत्स्यपालन, खाद्य/पेय पदार्थ उत्पादन, खाद्य सेवा, वन र काठ उद्योगमा विदेशी कामदारको अभाव छ ।

त्यसमध्ये फोडेज नेपालले खानपान सेवा, फाइन डाइनिङ र ज्येष्ठ नागरिकको स्याहार सुसार गरी प्रमुख तीन क्षेत्र लक्षित उच्चस्तरीय सीप तथा भाषा तालिम प्रारम्भ गरेको छ ।

फोडेज नेपाल प्रा.लि., ब्लु स्काइ इन्टरनेसनल प्रा.लि., रिलो भ्याकेसन कम्पनी लिमिटेड जापान र सेवोकाइ सोसियल वेयलफेर कर्पोरेशन जापानको संयुक्त लगानीमा तालिम सञ्चालन सुरुवात गरिएको हो । ट्रेनिङ सेन्टर ब्लु स्काइ इन्टरनेसनल प्रा.लि.का सञ्चालक प्रेमबहादुर कटुवाल र फोडेज नेपालका आओकी हिरोनाबुले सञ्चालन सम्झौतामा हस्ताक्षर गरे ।

सञ्चालकहरूले उक्त तालिम केन्द्र जापानी जनशक्ति, उपकरण र जापानी मौलिकतामा सञ्चालन भएको नेपालको पहिलो ट्रेनिङ सेन्टर भएको बताएका छन् ।

कम्पनी ऐन, २०६३ अनुसार दर्ता भएको फोडेज नेपालले जापानमा काम गर्न जान चाहनेहरूलाई नेपालमै सीपयुक्त, क्षमतायुक्त तालिम दिएर दक्ष र सक्षम बनाई रोजगारमा पठाउने उद्देश्य लिएको बताएको छ । आवश्यकता र प्रभावकारिताका आधारमा आगामी दिनमा कम्पनीले नेपालका अन्य स्थानमा पनि आफ्नो सेवा विस्तार गर्नसक्ने उद्देश्य राखेको छ ।

कम्पनीले टेक्निकल इन्टर्न ट्रेनिङ प्रोग्राम र निर्दिष्ट सीपयुक्त कामदार कार्यक्रम (एसएसडब्लु) अन्तर्गतका तालिम प्रदान गर्ने बताएको छ । जापानमा खानपान सेवा, फाइन डाइनिङ र ज्येष्ठ नागरिकको स्याहार सुसारमा काम गर्न जान इच्छुक नेपालीहरूलाई प्रशिक्षण प्रदान गरी उनीहरूलाई सम्बन्धित विधामा सक्षम बनाई कार्यस्थलमा नेपाली श्रमिकहरूले भोग्नुपरेका कठिनाइहरूलाई न्यूनीकरण गर्नु कम्पनीको उद्देश्य रहेको ब्लु स्काइ इन्टरनेसनल प्रा.लि.का अध्यक्ष प्रेमबहादुर कटुवालले बताए ।

फोडेजले हाल सञ्चालन गरेको यो तालिम फिल्ड बेस तालिम हो । जापानमा काम गर्न जान इच्छुक नेपालीहरूले जापानी भाषाको ज्ञान प्राप्त गरी जापानमा रोजगारी उपलब्ध गराउने कम्पनीबाट लिइने अन्तर्वार्तामा उत्तीर्ण भइसकेका र जापानको अध्यागमनबाट सर्टिफिकेट अफ इलिजिबिलिटी (सिओई)समेत प्राप्त गरिसकेका विद्यार्थीहरूलाई खानपान सेवा, फाइन डाइनिङ र ज्येष्ठ नागरिकको स्याहार सुसारका लागि १३० घण्टाको तालिम दिने छ ।

उल्लेखित तीन क्षेत्रका कामका लागि वार्षिक प्रत्येकका लागि ३-३ सयका दरले ९ सय जनालाई तालिम दिने लक्ष्य रहेको पनि अध्यक्ष कटुवालले जानकारी दिए । तालिम प्राप्त नेपाली जनशक्तिले राम्रो आम्दानी गर्ने भएकाले तालिम लाभदायक रहेको उनले दावी गरे।

व्यवसायी कटुवालका अनुसार करिब २ दशकसम्म खाडी र मलेसियामा नेपाली कामदार पठाएको अनुभवबाट जापानी श्रम बजारमा दक्ष नेपाली जनशक्ति पठाउन सकिन्छ भन्ने आत्मविश्वास जागृत भएपछि पूर्णरूपमा जापानी मौलिकतामा तालिम केन्द्र सञ्चालन गरिएको हो ।

सामान्यतया नर्सिङ केयर, फाइन डाइनिङ र खानपान सेवाको क्षेत्रमा काम गर्न जाने नेपालीहरू जापान पुगेपछि पुनः तालिम लिनुपर्ने हुँदा उनीहरूले सिधै काम सुरु गर्न पाउँदैनन् । कामको प्रकृति, तरिका, भाषा, रहनसहन, विदेशी कामदारहरूले पालना गर्नुपर्ने नीति नियम आदिका बारेमा नेपालमै जानकार भई जान पाउनु कामदारहरूका निम्ति एउटा सुनौलो अवसर पनि भएको उनले बताए ।

जापानबाटै आएका जापानी शिक्षक, प्रशिक्षकहरूबाट पढाइने, सिकाइने हुँदा यो तालिम थप प्रभावकारी हुने विश्वास लिइएको कम्पनीले बताएको छ ।

जापानका भाषा स्कुलहरूमा अध्ययनका निम्ति स्टुडेन्ट भिसामा गइरहेका नेपाली विद्यार्थीहरूले सामान्यतः 'एन फोर' तहको जापानी भाषा कक्षा पास गरेर जाने गरेको देखिन्छ । त्यसरी जाने विद्यार्थीहरूले ठुलो धनराशि लगानी गरेर जानु परेको छ । त्यसका अलावा रोजगारीका निम्ति आवश्यक पर्ने व्यवहारिक ज्ञान, सीप, दक्षता, व्यवहारिकता जस्ता आधारभूत कुराहरूको अभावमा नेपालीहरूले दिनप्रति दिन अनेकौं समस्याको सामना गरिरहनुपरेको छ । यसले गर्दा नेपालीहरूले आत्महत्या गर्ने क्रम बढेको छ ।

जापान जाने विद्यार्थीहरू अध्ययनभन्दा पनि रोजगारीकै निम्ति जाने देखिएको छ । रोजगारीका लागि भाषा, सीप, क्षमता, दक्षता हासिल गरेर जाँदा काम गर्न सहज हुने कम्पनीको भनाइ छ । भाषा तथा तालिमका लागि तिर्नुपर्ने शुल्क पनि निकै सस्तो पर्ने हुँदा त्यसमा इच्छुक विद्यार्थीहरूको चाहनालाई बढी मात्रामा ध्यान दिइएको पनि कम्पनीले बताएको छ ।

जापानी भाषा परीक्षा र अन्तर्वार्ता उत्तीर्ण गरी सिओई प्राप्त गरेका विद्यार्थीहरूलाई तालिमका लागि लाग्ने खर्च जुन कम्पनीमा काम गर्नका लागि छनोट भएको हो सोही कम्पनीले व्यहोर्ने बताइएको छ । फोडेज कम्पनी जापानमा २७ वर्षदेखि खाद्य तथा हेल्थ सेक्टरमा काम गरिरहेको पुरानो संस्थाका रूपमा परिचित छ ।

## दक्ष...

जनस्तरमा राम्रो सम्बन्ध कायम भएको अवस्थामा जनशक्ति तालिमले नेपाली युवायुवतीलाई लाभ पुग्ने बताएका छन् । बुधबार रीजधानीमा फोडेज तालिम केन्द्रको संयुक्तरूपमा उद्घाटन गर्दै सचिव डा. काफ्लेले सो कुरा बताएका हुन् ।

जापानमा ३ लाख नेपाली अध्ययन र रोजगारीमा रहेको भन्दै सचिव डा. काफ्लेले श्रम सम्झौता तथा अन्य पक्षलाई समयसापेक्ष बनाउनुपर्ने बताए । उनले ज्ञान र सीपयुक्त जनशक्ति कामका लागि जापान जाँदा त्यहाँका रोजगारदाता खुसी भएको बताए ।

जापानी मन्त्रीसँग हालै भएको भेट र छलफल उद्धृत गर्दै सचिव काफ्लेले फेब्रुअरी २४ मा हुने नेपाल-जापान रोजगार समिट नेपालीका लागि लाभदायक हुनसक्ने उल्लेख गरे । समिटले दुवै मुलुकलाई लाभ पुग्ने भन्दै सचिव डा. काफ्लेले 'नेपाल सर्वजन हिताय सर्वजन सुखाय:'को मान्यतामा रहेको पनि बताए ।

कार्यक्रममा जापानका लागि पूर्वराजदूत डा. मदनकुमार भट्टराई, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेत, वरिष्ठ व्यवसायी तथा संघका सल्लाहकार नवराज केसी, गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष भवन भट्टलगायतको उपस्थिति रहेको थियो ।

# निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुन्छ : गृहमन्त्री



**काठमाडौं/मस**–गृहमन्त्री तथा नेपाल सरकारका प्रवक्ता ओमप्रकाश अर्यालले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गरेका छन् ।

निर्वाचन तयारीको सिलसिलामा बिहीबार काठमाडौंको निर्वाचन क्षेत्र नं-३, गोकर्णेश्वर नगरपालिकास्थित सुन्दरीजल क्षेत्रका विभिन्न मतदान केन्द्र तथा निर्वाचन अधिकृतको कार्यालयको स्थलगत निरीक्षण गर्दै उनले सुरक्षा व्यवस्था र आवश्यक तयारीबारे जानकारी लिएका थिए ।

निरीक्षणका क्रममा गृहमन्त्री अर्यालले सामाजिक सञ्जालमा आउन सक्ने गलत र मिथ्या सूचना तथा दुष्प्रचारबाट सचेत रहँदै निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सम्बद्ध अधिकारीलाई निर्देशन दिए । गृह सचिव, काठमाडौंका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरूसहितको टोलीले गोकर्णेश्वर र ओखेनी माविमा रहेका मतदान केन्द्र एवं धापड्याम क्षेत्रको अवलोकन गरेको थियो ।

सो अवसरमा निर्वाचन अधिकृतहरूले जनशक्ति व्यवस्थापन, मतदाता शिक्षा र निर्वाचन सामग्री ढुवानीलगायतका तयारी चुस्त रूपमा अघि बढिरहेको जानकारी गराएका थिए ।

# नेकपाका महासचिव ऋषि कट्टेलसहित चार जना पक्राउ



**काठमाडौं/मस**-निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा नेपाल कम्युनिष्ट पार्टीका महासचिव ऋषि कट्टेललाई प्रहरीले आज पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले कट्टेललाई बुधबार कीर्तिपुरबाट पक्राउ गरिएको जानकारी दिए ।

हालसम्म कट्टेलसँगै निर्वाचन विरोधी गतिविधिमा लागेको आरोपमा चार जनालाई पक्राउ गरिएको उनले बताए ।

उनका अनुसार मंगलबार राति नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का महासचिव धर्मेन्द्र बाँस्तोला, नेता विष्णुप्रसाद तिमिल्सिना र दुर्गा प्रसाईं समूहका एसपी साहलाई पनि पक्राउ गरिएको छ । उनीहरूले निर्वाचन बहिष्कार गर्ने अभिव्यक्ति दिएका थिए । नेकपा, नेकपा बहुमतलगायत केही साना दलले निर्वाचन बहिष्कार गर्दै निर्वाचनविरोधी गतिविधि गरिरहेकाले प्रहरीले उनीहरूलाई निगरानीमा राखेको छ ।

# साहित्यकार आचार्य सम्मानित



**पर्सा/मस**–'बिहारीलाल लाठ कर्मवीर सम्मान'बाट साहित्यकार तथा पत्रकार मुकुन्द आचार्य सम्मानित भएका छन् ।

रिलिफ सोसाइटी अफ कमर्सले संस्थाका संस्थापक महासचिव तथा पूर्व अध्यक्ष स्वर्गीय बिहारीलाल लाठको १४औँ पुण्यतिथिका अवसरमा बुधबार आयोजित कार्यक्रममा आचार्यलाई दोसल्ला ओढाई सम्मानपत्रसहित सम्मान गरिएको हो । साहित्यकार आचार्य विगत पाँच दशकदेखि नेपाली भाषा तथा साहित्य, भोजपुरी भाषा-साहित्य, शिक्षण र पत्रकारिता क्षेत्रमा सक्रिय छन् ।

मधेश विश्वविद्यालयका उपकुलपति डा.दीपक शाक्य, वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम तथा संस्थाका अध्यक्ष योगेन्द्रप्रसाद यादवलगायतले संयुक्त रूपमा आचार्यलाई सम्मान गरेका थिए । सोही अवसरमा समाजका विभिन्न क्षेत्रमा योगदान पु-याउने जिल्ला निर्वाचन कार्यालय पर्साकी प्रमुख अनामिका रौनियार, योग प्रशिक्षक रामप्रसाद पण्डित, पाइलट सौरभ रौनियार, उद्यमी दिप्ती धुरका र शिक्षिका डा.नेहा अग्रवाललाई पनि सम्मानपत्रले सम्मान गरिएको थियो। संस्थाका सल्लाहकार गणेशप्रसाद लाठले समाजमा उल्लेखनीय काम गर्दै आएका व्यक्तित्वलाई सम्मान गर्ने परम्पराको सुरुवात गरेको बताए।

उपकुलपति शाक्यले समाज निःस्वार्थ रूपमा योगदान गर्ने व्यक्तिलाई सम्मानित गर्नु उदाहरणीय र सराहनीय कार्य भएको बताए । सम्मानित व्यक्तित्व आचार्यले सम्मानले आफूलाई थप हौसला र प्रोत्साहन मिलेको बताए ।

# भरूवा बन्दुकसहित दुई जना पक्राउ




**तनहुँ/मस**–तनहुँको देवघाट गाउँपालिका-४ बाट दुईथान भरूवा बन्दुकसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा देवघाट-४ सार्वाङका ४० वर्षीय पूर्णबहादुर गुरूङ र २४ वर्षीय अर्जुन गुरूङ रहेका जिल्ला प्रहरी कार्यालयले जनएको छ ।

इलाका प्रहरी कार्यालय साराङघाटबाट खटिएको प्रहरीको टोलीले उनीहरूलाई रिस्ती खोलाबाट पक्राउ गरी सार्वजनिक गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए ।

ग्रामीण इलाकामा गस्ती गर्ने क्रममा निजहरूलाई बन्दुकसहित पक्राउ गरिएको उनले बताए ।

निजहरूका साथबाट बारुद जस्तो देखिने कालोपदार्थ र फलामका टुक्रासमेत बरामद गरिएको छ । पक्राउ परेका दुवै जनाविरुद्ध जिल्ला अदालतबाट हातहतियार तथा खरखजानासम्बन्धी मुद्दामा सात दिन म्याद थप गरी अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।

# अहिलेकै अवस्थामा चुनावमा जान हुन्न : पूर्वराजा ज्ञानेन्द्र



**काठमाडौं/मस-** पूर्वराजा ज्ञानेन्द्र शाहले मुलुकको वर्तमान राजनीतिक अवस्थाप्रति गम्भीर असन्तुष्टि व्यक्त गर्दै राष्ट्रिय समस्या समाधान नगरी अहिलेको परिस्थितिमै चुनावमा जानु उपयुक्त नहुने बताएका छन् । ७४औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा बुधबार भिडियो सन्देश सन्देश सार्वजनिक गर्दै उनले देश अस्वाभाविक छटपटीको भुमरीमा फसेको उल्लेख गर्दै, खराब पक्ष बोकेको व्यवस्थालाई त्यागेर देश र समाजको प्रकृतिसँग मेल खाने सकारात्मक व्यवस्थातर्फ अघि बढ्नुपर्ने धारणा राखेका हुन् ।

पूर्वराजा शाहले कुनै पनि व्यवस्थाका राम्रा र उपयोगी पक्षलाई आत्मसात् गर्नुपर्ने र खराब तथा विकृत पक्षलाई फाल्नुपर्नेमा जोड दिए । 'कुनै पनि व्यवस्थाका असल पक्ष टिपेर राख्नुपर्छ, तर नराम्रा र खराब पक्षहरूलाई त्यागनुपर्छ,'उनले सन्देशमा भनेका छन् ।

प्रजातन्त्रमा आवधिक निर्वाचन स्वाभाविक प्रक्रिया भए पनि अहिलेको अवस्थामा त्यसको औचित्यमाथि प्रश्न उठाउँदै उनले यतिबेला जनताको प्राथमिक चाहना चुनावभन्दा पहिले देशको संकट समाधानतर्फ केन्द्रित रहेको बताए । मुलुकका विद्यमान समस्या समाधान गरेर, द्वन्द्व र अशान्तिको सम्भावना न्यून हुने वातावरण बनाउँदै राष्ट्रिय सहमति र सबैलाई समेट्ने समझदारीका साथ मात्र निर्वाचनतर्फ जानु उपयुक्त हुने उनको भनाइ छ ।

अहिलेको राजनीतिक नेतृत्वप्रति कडा टिप्पणी गर्दै पूर्वराजा शाहले आलोपालो र भागबण्डाको सोचले देश निर्माण हुन नसक्ने बताएका छन् । अधिकार मात्र खोज्ने तर कर्तव्यबाट पन्छिने प्रवृत्ति मौलाएको उल्लेख गर्दै उनले देशलाई 'बाध्यात्मक व्यवस्थाको जञ्जिर' मा बाँधिएको जस्तो अवस्था सिर्जना भएको टिप्पणी गरे । साथै, अरूको भरमा परेर निर्णय गर्ने प्रवृत्तिबाट राजनीतिक नेतृत्व मुक्त हुनुपर्ने उनको चेतावनी छ ।

विगतका आन्दोलन र संघर्षले ल्याएका परिवर्तनले देश र जनतालाई वास्तवमा के दियो भन्ने विषयमा आत्मसमीक्षा गर्ने समय आएको बताउँदै पूर्वराजाले देशको अस्मिता र अस्तित्व संकटमा परेको अनुभूति हरेक देशभक्त नेपालीले गरिरहेको जिकिर गरे । एक नेपालीले अर्को नेपालीलाई वैरी ठान्ने अवाञ्छित संस्कृतिको अन्त्य हुनुपर्नेमा पनि उनले जोड दिए ।

झापा बसाइपछि काठमाडौं फर्कने क्रममा जनताबाट पाएको स्नेह र समर्थनले आफूलाई राष्ट्रप्रति थप जिम्मेवार बनाएको उल्लेख गर्दै पूर्वराजा शाहले गरिबी र अस्थिरतालाई नेपालको मुख्य शत्रुका रूपमा औंल्याएका छन् । प्रजातन्त्र दिवसको सन्दर्भमा उनले प्रजातन्त्र स्थापनाका लागि त्याग गर्ने जिजुबुवा राजा त्रिभुवन तथा ज्ञात-अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै विश्वसामु नेपालीको शिर उच्च हुने व्यवस्थाको पक्षमा आफू उभिएको स्पष्ट पारेका छन् ।

# निर्वाचन सुरक्षाका लागि रौतहटमा सेनाको मोटरसाइकल पेट्रोलिङ सुरु



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ फागुन

फागुन २१ गते देशभर हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन रौतहटमा नेपाली सेनाले सुरक्षा सक्रियता बढाएको छ । जिल्लाको सुरक्षा अवस्थालाई थप सुदृढ बनाउने उद्देश्यले गौरस्थित नारायणदल गण ले चारै वटा निर्वाचन क्षेत्रमा विशेष मोटरसाइकल पेट्रोलिङ सुरु गरेको हो ।

सेनाका अनुसार निर्वाचन सुरक्षा कार्ययोजना अन्तर्गत जिल्लाका चारवटै संसदीय निर्वाचन क्षेत्रमा सेना परिचालन गरिएको छ । सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै प्रत्येक क्षेत्रमा मेजर सेनानीको कमाण्डमा एक-एक गुल्म फौज खटाइएको हो । एक गुल्ममा करिब १ सय १० जना सैनिक रहने व्यवस्था गरिएको स्रोतले जनाएको छ ।

सदरमुकाम गौर केन्द्रित उक्त गणले मुख्य सडकका साथै भित्री गल्ली तथा ग्रामीण मार्गहरूमा समेत सहज पहुँच कायम गर्न मोटरसाइकल गस्ती सुरु गरेको जनाएको छ । मोटरसाइकल पेट्रोलिङसँगै मुख्य राजमार्ग तथा संवेदनशील स्थानहरूमा सवारीसाधन र पैदल गस्तीलाई पनि निरन्तरता दिइएको छ ।

निर्वाचनको मिति नजिकिँदै जाँदा सम्भावित सुरक्षा चुनौतीलाई ध्यानमा राख्दै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले दिन-रात गस्ती गरिरहेको छ । जिल्लाका १८ वटै स्थानीय तहमा सुरक्षा उपस्थिति विस्तार गरिएको र समग्र सुरक्षा संयन्त्रलाई ' हाई अलर्ट'मा राखिएको सुरक्षा स्रोतले जानकारी दिएको छ ।

विशेषगरी अति संवेदनशील मतदान स्थलहरूमा कडा निगरानी राखिएको छ । निर्वाचन सामग्री तथा मतपेटिका ढुवानीका क्रममा सेनाले सुरक्षा प्रदान गर्नेछ । त्यस्तै मतगणना स्थलको सुरक्षा व्यवस्थापन, भीड नियन्त्रण तथा आवश्यक परेको अवस्थामा अन्य सुरक्षा निकायलाई तत्काल 'ब्याकअप' सहयोग गर्ने जिम्मेवारी पनि सेनालाई तोकिएको छ ।

राजनीतिक दृष्टिकोणले मधेश प्रदेशकै संवेदनशील जिल्ला मानिने रौतहट जिल्लामा विगतका निर्वाचनहरूमा दलहरूबीच झडप, तनाव र धाँधलीका घटना हुँदै आएका थिए । यसपटक सेनाको प्रत्यक्ष उपस्थिति र सक्रिय गस्तीले अवाञ्छित गतिविधि नियन्त्रण गर्न र मतदातामा सुरक्षाको अनुभूति दिलाउन सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

सुरक्षा निकायका अनुसार मतदान प्रक्रिया सम्पन्न भएपछि पनि सेनाको जिम्मेवारी समाप्त हुने छैन । मतपेटिका सुरक्षित रूपमा मतगणना स्थलसम्म पुऱ्याउने तथा अन्तिम मतपरिणाम घोषणा नभएसम्म सेना आफ्नो कार्यक्षेत्रमै तैनाथ रहनेछ ।

यसैबीच जिल्ला प्रशासन कार्यालय रौतहटले पनि निर्वाचनलाई शान्तिपूर्ण बनाउन कुनै कसर बाँकी नराखिने स्पष्ट पारेको छ । सुरक्षामा खलल पुऱ्याउने जो-कोहीलाई तत्काल कानुनी दायरामा ल्याइने प्रशासनको चेतावनी छ ।

## सुशासनको अनुकरणीय अभ्यास

# शितगंगा सव-डिभिजनमा चोरी निकासी शून्यतर्फ

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ६ फागुन



अर्घाखाँचीको शितगंगा नगरपालिका क्षेत्रमा सामुदायिक वन संरक्षण र सुशासन सुदृढीकरणका लागि चालिएका पछिल्ला कदमले सकारात्मक सन्देश दिएको छ । शितगंगा सब-डिभिजन वन कार्यालयका प्रमुख चन्द्र भाटको सक्रिय पहलपछि यस क्षेत्रमा वन चोरी निकासीका घटना उल्लेखनीय रूपमा घटेको स्थानीयहरूले बताएका छन् ।

वरिष्ठ वन अधिकृत भाटले जिम्मेवारी सम्हालेदेखि नै नियमित अनुगमनलाई प्राथमिकतामा राखेका छन् । उनी कार्यालयमा सीमित नभइ दैनिक रूपमा सामुदायिक वन क्षेत्रको निरीक्षणमा खटिने गरेका छन् । साथै वन उपभोक्ता समूह, पदाधिकारी तथा स्थानीय नागरिकसँग प्रत्यक्ष संवाद गर्दै समस्या पहिचान र समाधानमा सक्रिय देखिएका छन् ।

स्थानीय सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूका अनुसार विगतमा अनुगमन कमजोर हुँदा चोरी निकासीका घटना हुने गरेका थिए । 'अहिले नियमित निगरानी र कडाइका कारण त्यस्ता गतिविधि शून्यजस्तै भएका छन्,' एक पदाधिकारीले भने ।

भाटले जिम्मेवारी सम्हालेको १५ महिना नपुग्दै कार्यालयको प्रशासनिक कार्यशैली व्यवस्थित र पारदर्शी बनेको दाबी गरिएको छ । कार्यालय प्रशासनलाई चुस्त-दुरुस्त बनाउँदै सुशासन कायम गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने तथा सामुदायिक वनलाई उत्तरदायी र पारदर्शी ढंगले सञ्चालन गर्ने कार्यमा उनले जोड दिएका छन् ।

उनको नेतृत्वमा वन क्षेत्रको नियमित निरीक्षण, उपभोक्ता समितिसँग समन्वय र आवश्यक कानुनी प्रक्रिया कडाइका साथ लागू गरिनुले सकारात्मक परिणाम दिएको देखिन्छ । यसले वन संरक्षणमा मात्र होइन, स्थानीय समुदायमा पनि जिम्मेवारी र उत्तरदायित्वको भावना अभिवृद्धि भएको जनाइएको छ ।

वन संरक्षणमा स्थानीय सहभागिता अपरिहार्य हुने भन्दै भाटले 'साझेदारी मोडेल'लाई प्राथमिकता दिएका छन् । सामुदायिक वनका पदाधिकारी तथा उपभोक्तालाई सचेतना अभिवृद्धि, पारदर्शी निर्णय प्रक्रिया र नियमित प्रतिवेदन प्रणालीमार्फत थप जिम्मेवार बनाउने प्रयास भइरहेको कार्यालय स्रोतले जनाएको छ ।

छोटो अवधिमै प्रशासनिक सुधार, सुशासन प्रवर्द्धन र चोरी निकासी नियन्त्रणमा देखिएको प्रगति अन्य क्षेत्रका लागि पनि उदाहरणीय बन्न सक्ने स्थानीयको विश्वास छ । शितगंगामा देखिएको यो अभ्यासले वन संरक्षण र जनउत्तरदायी प्रशासन एकसाथ सम्भव छ भन्ने सन्देश दिएको छ ।

# अवैध भारतीय 'अण्डा' फेला



**नेपालगन्ज/मस-** बाँकेका सीमावर्ती पसलमा नेपाल सरकारले प्रतिबन्ध लगाएको भारतीय 'अण्डा' फेला परेको छ ।

नेपालगन्जको जमुनाह क्षेत्रमा संयुक्त बजार अनुगमन टोलीले अवैध भारतीय कुखुराको 'अण्डा' विभिन्न पसलहरूबाट फेला परेका हो । नेपाल सरकारले पन्छी र पन्छीजन्य पदार्थ ल्याउन प्रतिबन्ध लागेको अवस्थामा कुखुराको सेतो 'अण्डा' जमुनाहका पसलमा फेला परेको पशु क्वारेन्टाइन कार्यालयले जनाएको छ ।

'हामीले जनाचेतना फैलाउने र अवैध कार्यलाई निरुत्साहित गर्ने उद्देश्यले बजार अनुगमन गरिरहेका छौं', पशु क्वारेन्टाइन कार्यालय बाँकेका प्रमुख डा.हरेराम यादवले भने । उनले विगत १० वर्षदेखि भारतबाट पन्छी र पन्छीजन्य पदार्थ ल्याउन प्रतिबन्ध लगाइएको उल्लेख गर्दै भारतबाट अवैध रूपमा ल्याएको कुखुरा वा अण्डा नेपालमा ल्याउन निषेध गरिएको बताए ।

क्वारेन्टाइनको संयुक्त अनुगमन टोलीले १७ बढी मासु तथा होटल र पसलमा अनुगमन गरी सचेत गराउँदै केही पसललाई कारबाहीस्वरूप 'अण्डा' जफत गरी नष्ट गरेको जनाएको छ । सो टोलीले १५ क्यारेट बढी 'अण्डा' बरामत गरी नष्ट गरेको थियो ।

अनुगमन टोली बजारमा अनुगमनमा एक्कासी गएपछि पसल सञ्चालकले पहिले जानकारी दिएर अनुगमन गर्न आउनुपर्ने भन्दै केहीबेर विवाद समेत गरेका थिए । पशु सेवाविज्ञ केन्द्र, बाँकेका वरिष्ठ पशु चिकित्सक डा.गणेश पुनले अनुगमन गर्दा जानकारी दिए कमजोरी लुकाउने प्रयास हुने उल्लेख गरे। पशु क्वारेन्टाइन कार्यालय नेपालगन्जका प्रमुख वरिष्ठ पशु चिकित्सक यादवको नेतृत्वमा भएको सो बजार अनुगमन भएको थियो ।

मासु पसलको अनुगमनमा केही पसल बिना दर्ता सञ्चालन गरेको, सरसफाइमा ख्याल नगरेको, नवीकरण नगरेको र बिलबिजक सही नराखेको पाइएको थियो ।

अनुगमन टोलीले व्यावसायिक कुखुरा फार्मसमेतको निरीक्षण गरेको थियो । अनुगमन टोलीमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नेपालगन्ज, घरेलु तथा साना उद्योग महासंघ, नेपालगन्ज उपमहानगरपालिका पशु सेवा शाखा, सीमा सुरक्षा गुल्म जमुनाह, बोर्डर आउट पोस्ट जयसपुर, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, इलाका प्रहरी कार्यालय जमुनाहालगायतका प्रतिनिधि तथा प्रमुख थिए ।

# प्रजातन्त्र दिवस मनाइँदै निर्वाचन दिवस पनि आजै



**काठमाडौं/मस-** आज प्रजातन्त्र दिवस मनाइँदैछ। विसं २००७ फागुन ७ गते एकतन्त्रीय जहानियाँ राणा शासन अन्त्य भइ प्रजातन्त्र स्थापना भएको सम्झनामा प्रत्येक वर्ष फागुन ७ गते विभिन्न कार्यक्रम गरी प्रजातन्त्र दिवस मनाइन्छ । आज देशभर सार्वजनिक बिदासमेत दिइएको छ ।

प्रजातन्त्र दिवसका दिन सैनिक मञ्च टुँडिखेलमा विशेष समारोहको आयोजना गरिएको छ। समारोहमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, मन्त्री लगायत सरकारका उच्च पदस्थहरूको सहभागी हुनेछ।

फागुन ७ गतेकै जगमा टेकेर वि.सं २०४६ चैत २६ गते प्रजातन्त्र पुनर्स्थापना भएको थियो भने वि.सं २०६३ वैशाख ११ गते लोकतन्त्र प्राप्त भएको थियो। यसै पृष्ठभूमिमा विसं २०६५ जेठ १५ गते पहिलो संविधानसभाले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रुपमा स्थापित गरेको छ । दोस्रो संविधानसभाले विसं २०७२ असोज ३ गते संविधान जारी भएको थिए ।

**दशौं निर्वाचन दिवस मनाइँदै**

नेपालमा आमनिर्वाचन प्रारम्भ भई बालिग नेपालीले आफ्नो मताधिकार उपयोग गर्न पाएको महत्त्वपूर्ण दिनको सम्झनामा दसौं निर्वाचन दिवस मनाइँदैछ। मुलुकमा प्रजातन्त्र स्थापनाको आठ वर्षपछि विसं २०१५ फागुन ७ गते आमनिर्वाचन भएको थियो । संवैधानिक अंगका रूपमा रहेको निर्वाचन आयोगले स्थानीय तहदेखि राष्ट्रपतिसम्मको निर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्षरूपमा गराउँदै आएको छ।

आयोग यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम तयारीमा जुटिरहेको छ । आयोगले वर्तमान संविधान जारी भएपछि दुई पटक प्रतिनिधिसभा तथा प्रदेशसभा र स्थानीय तहको आवधिक निर्वाचन, तीन पटक राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन, राष्ट्रियसभा सदस्यको विभिन्न निर्वाचन र उपनिर्वाचन सम्पन्न गरिसकेको छ। उक्त निर्वाचनमार्फत् जनप्रतिनिधि निर्वाचित भई जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक सङ्घीय शासन प्रणालीको सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह भइरहेको छ ।

इतिहासका सबै कालखण्ड र राजनीतिक परिवर्तनका हरेक नयाँ उपलब्धिमा मुलुकले अंगीकार गरेको शासन व्यवस्था र निर्वाचन प्रणालीलाई संविधान र कानुन बमोजिम निर्वाचनको माध्यमबाट वैधानिकता प्रदान गर्ने संवैधानिक दायित्व पूरा गर्दै आइरहेको छ ।

यसवर्ष आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमै केन्द्रित हुन परेकाले बिहीबार कान्तिपथस्थित परिसरमा कार्यक्रम आयोजना गरी दिवस मनाउन लागिएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिए ।

# रास्वपा परित्याग गरेकी शर्मा कांग्रेस प्रवेश



**जनकपुरधाम/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की मधेश प्रदेश संस्थापक सभापति ममता शर्मा नेपाली कांग्रेसमा प्रवेश गरेकी छन् ।

बुधबार पार्टीले धनुषामा आयोजित प्रतिज्ञा सभामार्फत उनी कांग्रेसमा प्रवेश गरेकी हुन् । शर्मालाई पार्टी सभापति गगनकुमार थापाले खादा लगाएर पार्टीमा स्वागत गरे ।

प्रतिज्ञा सभालाई सम्बोधन गर्दै उनले रास्वपा पुरानो कांग्रेस भइसकेको टिप्पणी गरिन् । उनले विशेष महाधिवेशनबाट आएको नेतृत्व र नीतिको आधारमा कांग्रेस नयाँ र थप सुदृढ भएर आएको जिकिर गरिन् ।

उनले अगामी २१ फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनका उम्मेदवार चयनमा आर्थिक चलखेल भएको भन्दै बुधबार बिहान मात्रै साधारण सदस्य समेत नरहनेगरी रास्वपा परित्याग गरेकी थिइन् ।

# सामुदायिक भवनमा आगलागी तीन करोड बढीको क्षति

**खोटाङ/मस-** खोटाङको साकेला गाउँपालिकाको सामुदायिक भवनमा आगलागी हुँदा तीन करोड १६ लाख ३६ हजार बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

गाउँपालिकाको स्टोर (भण्डारण गृह) र आवास गृहको रूपमा प्रयोग हुँदै आएको सामुदायिक भवनमा बुधबार आगलागी भएको हो । आगलागी भएको जानकारी पाएलगत्तै घटनास्थल पुगेका इलाका प्रहरी कार्यालय मात्तिमका टोली र स्थानीयवासीले करिब डेढ घण्टा लगाएर आगो निभाएको गाउँपालिकाका सूचना अधिकारी डिएम चाम्लिङले जानकारी दिए । आगलागीका घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकीले जानकारी दिए ।

# उत्कृष्ट प्रहरी बने इन्स्पेक्टर लामा



**काठमाडौं/मस-**जिल्ला प्रहरी परिसर काठमाडौंले माघ महिनाका लागि उत्कृष्ट प्रहरीका रूपमा प्रहरी निरीक्षक वांगेल लामा लाई छनोट गरेको जनाएको छ ।

परिसरको इन्टेलिजेन्स शाखामा कार्यरत लामाले अपराध अनुसन्धान तथा प्रहरी कारबाहीका विभिन्न कार्यमा प्रभावकारी योगदान पुऱ्याएको मूल्यांकनका आधारमा उक्त सम्मान प्रदान गरिएको हो । उत्कृष्ट घोषित भएपछि परिसर प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक रमेश थापाले उनलाई प्रशंसा पत्र हस्तान्तरण गरेका थिए ।

प्रहरीका अनुसार लामाले विशेष अनुसन्धान कार्यअन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख प्रेम राई लगायत १० जनालाई धम्की दिने आरोपित प्रकाश पाठकलाई फिलिपिन्सबाट काठमाडौं ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

## सम्पादकीय

# आयोजना अलपत्र नपार

सरकारी ठेक्का लिएर काम समयमा सम्पन्न नगर्ने वा सम्झौता उल्लंघन गर्ने प्रवृत्ति सार्वजनिक निर्माण क्षेत्रमा लामो समयदेखि चुनौती बनेको छ। झट्ट हेर्दा यो सरकार र निर्माण व्यवसायीबीचको मामलाजस्तो देखिए पनि सारमा यसले विकास ढिला गर्छ। आयोजनाको लागत बढ्नुका साथै समग्र राज्य प्रणालीमाथि नै प्रश्न उठाउँछ। पछिल्लो समय युवा पुस्ताको असन्तुष्टि र निराशाको एउटा कारण यसैलाई मानेर सरकारले कडाई गर्न थालेको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयले अटेरी गर्ने २० वटा निर्माण कम्पनीलाई कालोसूचीमा राखिसकेको छ भने थप १५ कम्पनीलाई स्पष्टीकरण पेश गर्न भनेको छ। यसको उद्देश्य ठेक्का सम्झौता पालना गराउने देखिन्छ। निर्माण व्यवसायी महासंघले भने यो निर्णयलाई पक्षपातपूर्ण भनेको छ। सरकारले आफ्नो कमजोरी स्वीकार नगरी व्यवसायीलाई मात्र दोष दिन नमिल्ने महासंघको जिकिर छ। साथै, ऐन र नियमावलीमा रहेका जटिलताहरूले पनि व्यवसायीहरूलाई समयमा काम पूरा गर्न कठिनाइ भइरहेकोप्रति उसले सरकारको ध्यानाकर्षण गराउँदैआएको छ।

यद्यपि, ठेक्का सम्झौता पालना हुनु दुबै पक्षका लागि अनिवार्य सर्त हो। ठेक्का लिएर पिटी ठेक्का दिने प्रवृत्ति, काम ढिला गर्नु वा जिम्मेवारीबाट पन्छिएर सर्म्पकविहिन हुने छुट निर्माण व्यवसायीलाई छैन। सरकार र व्यवसायी दुवैले आफ्नो भूमिका जिम्मेवारीपूर्वक निभाउनु आवश्यक छ।

निर्माण व्यवसायी र सरकारी निकायबीचको सन्तुलन कायम गर्दै ठेक्का नियम पालना गराउनु जरूरी छ। कालोसूची, स्पष्टीकरण माग्ने प्रक्रिया र नियमित अनुगमनले निर्माण व्यवसायमा अनुशासन सुदृढ गर्छ। राज्यका निकायले काम गर्न नसक्दा नै आयोजनाहरू अलपत्र परेका हुन्। ठेक्का लिने तर समयमै काम पूरा गर्न छाडेर अनेक बाहनामा म्याद थप्दै जाने प्रवृत्ति मौलाएको छ। त्यसले सरकारप्रति अविश्वास सिर्जना गर्दछ भने निर्माण व्यवसायीमाथि पनि प्रश्न उठ्छ। ठिक विपरित ठेक्का सम्झौता अनुसार समयमै काम पूरा गर्ने, गुणस्तरीय निर्माण गर्ने र सबै प्रक्रियाहरू पारदर्शि बनाउँदा निजी क्षेत्रप्रतिको विश्वास पनि बढ्छ। पूर्वाधार निर्माणको सबैजसो काम निजी क्षेत्रले ठेक्कामार्फत गर्दैआएको छ। त्यो निजी क्षेत्रप्रतिको भरोसा पनि हो। त्यसलाई जोगाउन पनि ठेक्का अलपत्र पार्ने प्रवृत्ति रोक्नुपर्ने आवश्यकता छ। ठेक्का सम्झौताको इमान्दारीपूर्वक पालना, जिम्मेवार व्यवहार र प्रणालीगत सुधारले मात्र विकासमा हुने ढिलोसुस्ती रोक्न सकिन्छ।

# भिड र खोजिएको परिवर्तन

*राष्ट्र निर्माण नारा, ट्रेन्ड वा क्षणिक लोकप्रियताबाट सम्भव हुँदैन। यो धैर्य, नीति, संस्थागत क्षमता र नागरिक चेतनाको समन्वयबाट मात्र सम्भव हुन्छ।*

**अग्रलेख**



● चन्द्रबहादुर बस्याल

समाज कहिल्यै स्थिर हुँदैन भन्ने कुरा इतिहासले पटक-पटक प्रमाणित गरेको छ। परिवर्तन समाजको स्वभाव हो, तर परिवर्तनको दिशा र गुणस्तर भने समाजको चेतना, व्याख्या गर्ने क्षमता र शक्ति-सम्बन्धले निर्धारण गर्छ। समाज केवल आर्थिक कारोबार, चुनावी अंकगणित वा सत्ताको हेरफेरबाट मात्रै चल्दैन; यसलाई अर्थ दिन्छन् मानिसका विश्वास, भाषा, कथा र अनुभवहरूले।

मानिसले कुनै घटना देख्छ मात्र होइन, त्यसको अर्थ बनाउँछ। कसैले मूल्यवृद्धिलाई विश्व अर्थतन्त्रको प्रभाव ठान्छ, कसैले सरकारी असफलता, कसैले व्यापारीको चलखेल। एउटै घटना, अनेक अर्थ। यिनै अर्थहरूको प्रतिस्पर्धाले सार्वजनिक धारणा निर्माण गर्छ। तर प्रश्न उठ्छ- हाम्रो समाज आज कुन तहमा उभिएको छ? हामी अर्थ खोज्ने समाज हौं कि प्रतिक्रियामा रमाउने समाज?

आज सार्वजनिक बहसलाई नियाल्दा यस्तो लाग्छ, हामी घटना र आवेगको बाढीमा बगिरहेका छौं। कुनै निर्णय आयो भने तुरुन्तै समर्थन वा विरोधको लहर उठ्छ। सामाजिक सञ्जालमा केही घण्टामै निर्णय 'राष्ट्रवादी' कि 'राष्ट्रघाती' भनेर ठप्पा लाग्छ। तर किन यस्तो निर्णय आयो? यसको दीर्घकालीन प्रभाव के पर्छ? विकल्प के थिए? यी प्रश्नहरू कमै उठ्छन्।

उदाहरणका लागि पेट्रोलियम पदार्थको मूल्य बढ्दा सडकमा आक्रोश देखिन्छ। आक्रोश स्वाभाविक हो। तर के हामीले अन्तर्राष्ट्रिय बजार, आयात निर्भरता, कर संरचना, वैकल्पिक ऊर्जाको नीति, सार्वजनिक यातायात सुधारजस्ता विषयमा गहिरो बहस गरेका छौं? धेरैजसो अवस्थामा बहस 'सरकार असफल' वा 'नेता चोर' भन्ने सीमित निष्कर्षमै अड्किन्छ। समस्या जटिल छ, तर व्याख्या सरल र उत्तेजक बनाइन्छ।

त्यस्तै कुनै आपराधिक घटना घटेपछि तुरुन्तै मृत्युदण्डको माग उठ्छ। भावनात्मक रूपमा त्यो माग आकर्षक देखिन्छ। तर के हामीले न्याय प्रणालीको ढिलासुस्ती, अनुसन्धान क्षमताको कमी, सामाजिक हिंसाका जरा, मानसिक स्वास्थ्यको अवस्था जस्ता प्रश्न उठाउँछौं? सजायको कठोरता मात्रै समाधान हो कि संस्थागत सुधार? यी जटिल प्रश्नहरू लोकप्रिय हुँदैनन्, किनकि ती चर्को नारा होइनन्।

राजनीतिमा पनि यस्तै प्रवृत्ति देखिन्छ। चुनाव नजिकिँदा रोजगारी सिर्जना कसरी गर्ने, कृषिलाई बजारसँग कसरी जोड्ने, संघीयताको अधिकार-वितरण कसरी स्पष्ट गर्ने, शिक्षा प्रणालीलाई उत्पादनशील अर्थतन्त्रसँग कसरी समायोजन गर्ने भन्ने बहसभन्दा कसले कसलाई कडा शब्द प्रयोग गर्‍यो भन्ने चर्चा बढी हुन्छ।

इतिहासले देखाएको छ- आक्रोशले परिवर्तनको ढोका खोल्न सक्छ, तर राष्ट्र निर्माणको खाका कोर्न सक्दैन। जनआन्दोलनहरूले व्यवस्थालाई हल्लाए, तर त्यसपछिको संस्थागत सुधार, सुशासन र विकासको जिम्मा नीति, योजना र क्षमता भएका नेतृत्वले लिनुपर्थ्यो। यही ठाउँमा कमजोरी दोहोरिँदा जनताको विश्वास क्रमशः क्षीण हुँदै गएको देखिन्छ।

विश्वका केही देशका अनुभव पनि शिक्षाप्रद छन्। जर्मनीले दोस्रो विश्वयुद्धपछि ध्वस्त अवस्थाबाट उठ्दा केवल भावनात्मक राष्ट्रवादमा अडिएन; उसले शिक्षा, प्रविधि र संस्थागत अनुशासनमा लगानी गर्‍यो। दक्षिण कोरियाले १९६० को दशकको गरिबीबाट माथि उठ्दा उद्योग, निर्यात र मानव पूँजीमा दीर्घकालीन नीति अपनायो। त्यहाँ पनि राजनीतिक द्वन्द्व थिए, तर विकासको आधार नारा होइन, नीति र कार्यान्वयन बने।

हाम्रो सन्दर्भमा भने 'नयाँ' र 'पुरानो'को बहसले नीति-बहसलाई




छायामा पारेको छ। पुरानाले विश्वास गुमाए भन्ने आरोप छ। नयाँले आशा जगाए भन्ने दाबी छ। तर दुवैलाई एउटै कसीमा जाँच्नुपर्छ- के उनीहरू स्पष्ट आर्थिक खाका, संस्थागत सुधारको योजना, सुशासनको ठोस संयन्त्र र जवाफदेहिताको संस्कार प्रस्तुत गर्छन्?

एल्गोरिदमले मानिसलाई उसकै विचारसँग मिल्ने सामग्री कम मात्रै देखाउँछ। जसबाट प्रभावित व्यक्तिले फरक मतलाई शत्रु जस्तो देख्न थाल्छ। विडम्बना, नेपाली समाज एल्गोरिदमको त्यो कुरूप प्रभावबाट निकै दिग्भ्रमित छ। हामीले महामारीको समयमा यो अनुभव गर्‍यौं। वैज्ञानिक सूचना, स्वास्थ्य मापदण्ड र अफवाहबीच प्रतिस्पर्धा चल्यो। कतिपयले खोपलाई षड्यन्त्र भने, कतिपयले स्वास्थ्यकर्मीलाई नै दोष दिए। पछि तथ्यहरू स्पष्ट हुँदै गए, तर प्रारम्भिक हल्लाले समाजमा अनावश्यक भय र भ्रम फैलायो।

बौद्धिक वर्गको भूमिकाबारे पनि प्रश्न उठ्छ। विश्वविद्यालय, अनुसन्धान संस्था, स्वतन्त्र विश्लेषक र पत्रकारिताले गहिरो बहसलाई अगाडि ल्याउनुपर्ने हो। तर जब सार्वजनिक मञ्चमा गाली र ट्रोलिङ हावी हुन्छ, विवेचनात्मक आवाज कमजोर देखिन थाल्छ। प्रश्न उठाउनेलाई 'विरोधी' को लेबल लगाइन्छ। परिणामतः तर्कशील बहसको सट्टा ध्रुवीकरण बढ्छ। तर दोष केवल नेतामा थोपर्न मिल्दैन। नागरिकको भूमिकासमेत महत्वपूर्ण छ। जब हामी आफैं समाचारको शीर्षक पढेर निष्कर्ष निकाल्छौं, तथ्य जाँच नगरी साझा गर्छौं, लोकप्रिय भिडियो हेरेर नीति-निर्णयको मूल्यांकन गर्छौं, तब हामी पनि सतहीपनको संरचना निर्माण गरिरहेका हुन्छौं। समाज जसरी निर्माण हुन्छ, त्यसरी नै विघटन पनि हुन्छ।

लोकतन्त्रको सार मतदानमा मात्र सीमित हुँदैन; यो निरन्तर प्रश्न गर्ने, उत्तर खोज्ने र सुधार माग्ने प्रक्रियामा जीवित रहन्छ। आलोचनात्मक चेत भनेको अन्ध विरोध होइन, अन्ध समर्थन पनि होइन। यो प्रमाण खोज्ने, विकल्प सोच्ने र दीर्घकालीन प्रभाव मूल्यांकन गर्ने क्षमता हो।

> *हामी व्यक्ति-पूजाबाट विचार-मूल्यांकनतर्फ सर्नुपर्छ। नेता देवता होइनन्, न त पूर्ण खलनायक। उनीहरू सार्वजनिक जिम्मेवारी बोकेका मानिस हुन्, जसलाई नीतिगत कसीमा जाँच्नुपर्छ।*

हामीले व्यक्ति-पूजाबाट विचार-मूल्यांकनतर्फ सर्नुपर्छ। नेता देवता होइनन्, न त पूर्ण खलनायक। उनीहरू सार्वजनिक जिम्मेवारी बोकेका मानिस हुन्, जसलाई नीतिगत कसीमा जाँच्नुपर्छ। घोषणापत्र केवल औपचारिक कागज होइन; त्यो सामाजिक सम्झौता हो। त्यसको कार्यान्वयनको अनुगमन नागरिकले गर्नुपर्छ।

यदि राजनीति केवल भावनाको व्यापार बन्यो भने राज्य सञ्चालन कठिन हुन्छ। स्टन्टले चुनाव जित्न सकिएला, तर उद्योग स्थापना हुँदैन। कडा भाषणले ताली पाइएला, तर विद्यालय सुधार हुँदैन। भाइरल दृश्यले लोकप्रियता बढ्ला, तर अस्पतालमा औषधि पुग्दैन।

नेपाली समाज परिवर्तनको संघारमा उभिएको छ। एकातिर अनिश्चितता, अर्कोतिर सम्भावना। यदि हामीले अर्थ-केन्द्रित, प्रमाण-आधारित र दीर्घदृष्टि भएको बहसलाई प्राथमिकता दियौं भने असन्तुष्टि ऊर्जा बन्न सक्छ। यदि हामी सतही उत्तेजनामा रमायौं भने त्यही असन्तुष्टि विघटनको कारण बन्न सक्छ।

राष्ट्र निर्माण नारा, ट्रेन्ड वा क्षणिक लोकप्रियताबाट सम्भव हुँदैन। यो धैर्य, नीति, संस्थागत क्षमता र नागरिक चेतनाको समन्वयबाट मात्र सम्भव हुन्छ। जब नागरिकले प्रश्न गर्न सिक्छन्, नेताले आत्मआलोचना गर्न सिक्छन् र बहसले तथ्य र अर्थको संगम खोज्छ- त्यतिबेला लोकतन्त्र बलियो बन्छ।


हामीलाई नयाँ अनुहारभन्दा बढी नयाँ स्तरको चिन्तन चाहिएको छ। किनकि समाज जति अर्थपूर्ण व्याख्याबाट निर्देशित हुन्छ, उति नै स्थिर र समुन्नत दिशातर्फ अघि बढ्छ। र जब हामी घटना मात्र होइन, त्यसको अर्थ समातेर अघि बढ्न थाल्छौं, तब परिवर्तन केवल शब्द होइन, वास्तविक रूपान्तरण बन्छ।

## इतिहासमा आज

१९ फेब्रुअरी १९८५ मा विलियम जे. श्रोडर कृत्रिम मुटु प्राप्त गर्ने पहिलो व्यक्ति बने। अमेरिकाको हुमाना हार्ट इन्स्टिच्युट इन्टरनेशनलमा श्रोडरको शरीरमा कृत्रिम मुटु हालिएको थियो।



१९ फेब्रुअरी २००२ मा नासाको मार्स ओडिसी स्पेस प्रोबले यसको थर्मल उत्सर्जन इमेजिङ प्रणाली प्रयोग गरेर मंगल ग्रहको सतहको नक्सांकन गर्न सुरु गरेको थियो।



१९ फेब्रुअरी २००३ मा इरानको केर्मान नजिकै इल्युशिन इल-७६ सैन्य विमान दुर्घटनाग्रस्त हुँदा जसमा २७५ जनाको मृत्यु भएको थियो।



१९ फेब्रुअरी २००६ मा मेक्सिकोको नुएभा रोसिटा नजिकैको कोइला खानीमा मिथेन विस्फोट हुँदा ६५ खानीका कामदारको मृत्यु भएको थियो।



# प्रजातन्त्रमा दलको भूमिका

**विचार**



● भरतप्रसाद देवकोटा

> *२००७ सालमा भएको परिवर्तनपछि आजसम्म आइपुग्दा समय र परिवेश फरक भए पनि नागरिकका मुद्दाहरूमाथि खास सम्बोधन भएको छैन। जबसम्म नागरिकका मुद्दा सम्बोधन हुँदैन तबसम्म मुलुक सही ढंगले अगाडि बढ्दैन। जसका निम्ति दलहरूभित्रै व्यापक रूपान्तरण आवश्यक छ।*

लोकतान्त्रिक आन्दोलनको सात दशकको अवधिमा विभिन्न पटक क्रान्ति भए। २००७ सालमा जहानीय राणा शासनविरुद्धको आन्दोलन भयो। २०४६ सालमा पञ्चायतविरुद्ध आन्दोलन भयो। तत्कालीन नेकपा (माओवादी)ले १० वर्षसम्म सशस्त्र युद्ध चलायो। त्यही युद्धको आडमा २०६२/०६३ सालमा जनआन्दोलन भयो। त्यसयता गएको भदौ २३ र २४ गते जेनजी युवाहरूको नेतृत्वमा आन्दोलन भयो। जसले तत्कालीन सरकार ढाल्यो र मुलुकलाई नयाँ जनमत लिनुपर्ने अवस्थामा पुर्‍यायो।

पछिल्लो खण्डमा भएको जेनजी आन्दोलन राज्यका विकृति र विसंगति विरुद्ध थियो। युवाहरूले रोजगारीका अवसर सिर्जना हुनुपर्छ भन्ने आवाज उठाए। सामाजिक सञ्जालमाथि लगाइएको सरकारी प्रतिबन्ध तत्काल फुकुवा गर्नुपर्ने माग पनि गरे। यी आवाजहरू दबाउन गृह प्रशासनले चरम दमन गर्न पुग्यो, जसले मानवीय क्षति निम्त्यायो। सयौं युवाहरूले अंगभङ्ग सहनुपर्‍यो र सात दर्जनभन्दा बढी युवाहरूले आफ्नो सहादत प्राप्त गर्नुपर्‍यो। अहिले देश प्रतिनिधिसभाको चुनावको तयारीमा छ र फागुन २१ गतेको निर्णयमा जनताको मतको अपेक्षा रहेको छ।

आफ्ना अंकगणितीय हिसाबले, लामो राजनीतिक विरासत बोकेका दलहरूप्रति नागरिकहरूमा वितृष्णा र निराशा बढेको छ। अब यी दलहरूबाट देशमा परिवर्तनको आधारमा विश्वास छैन भन्ने बुझाइ जनतामा प्रबल छ। राजनीतिक दौडधुपबाट अगाडि बढेका ठूला दलहरूले देशमा विकास, निर्माण, औद्योगिक कलकारखाना र रोजगारीको अवसर सिर्जना गर्ने अपेक्षाहरू पूरा गर्न सकेनन्। यी विषयका प्रश्नहरू मतदाता, नागरिक र युवा वर्गमा ज्वलन्त रूपमा उठेका छन्। यदि भविष्यका केही वर्षहरूमा यस्ता नै मुद्दाहरूमा अल्झिएका रहे भने, देशले चाहेजस्तो गति लिन सक्ने देखिँदैन।

प्रजातन्त्र आएको पाँच वर्ष नबित्दै त्यसका विरुद्ध हतियार उठेको थियो। निरंकुशता र पञ्चायती शासनको विरुद्ध २०६३ सालमा शान्ति सम्झौता त भयो, तर संक्रमणकाल टुंग्याउन देशले थप १० वर्ष समय लगायो। त्यसको व्यवस्थापनमा पनि धेरै समय खर्चनुपर्‍यो। यी सबै प्रतिकूलताका बिचमा केही उपलब्धिहरू हासिल भए, जसले आम नागरिकमा आशा जगायो। आन्दोलनका उपलब्धिलाई संस्थागत गर्ने गरी नेपालको संविधान २०७२ जारी भएको हो, जसले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र संवैधानिक स्वरूप दिएको आभास त प्रस्तुत गरेको छ, तर संविधानको पूर्ण कार्यान्वयन भने भएको छैन।

संविधानले संघीय एवं समावेशी प्रणाली अवलम्बन गरेको छ, जसले शासकीय संरचनामा सबै जाति, धर्म, लिङ्गका नागरिकको न्यायपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने स्पष्ट गर्छ। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै नेपाल विभिन्न चुनौतीहरूको सामना गर्दै अघि बढिरहेको छ। तर अहिले नेपालले आफ्नो प्राथमिकता चयन गर्न सकेको छैन। राजनीतिक नेतृत्वको कमजोरीले गर्दा मुलुक प्राथमिकतामा अघि बढ्न नसकेको हो। नागरिकहरूको बुझाइ यस्तो छ कि आगामी ३० वर्षभित्र कस्तो जनशक्ति चाहिन्छ र कस्तो खालको जनशक्ति आवश्यक छ भन्ने कुरा अहिले ठम्याउन सकिएको छैन। २००७ सालको उपलब्धि २०१७ मा खोसियो, २०४६ सालको प्राप्ति पनि ज्ञानेन्द्र शाहको उदयसँगै अपदस्त भयो। २०६२/६३ को जनआन्दोलनमा गणतन्त्रको नारा घन्कियो र २०६५ सालको जेठ १५ गते मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो। राजनीतिक प्रणाली मात्र पर्याप्त छैन, त्यससँगै उन्नत प्रजातान्त्रिक चेतना र नेतृत्व शैली पनि आवश्यक छ।

सुशासन सम्भव भएको खण्डमा मात्र मुलुकलाई समृद्धि तर्फ डोर्‍याउन सकिन्छ। नागरिक समाजको सचेतनात्मक पहरेदारी र आलोचनात्मक समर्थन पनि महत्वपूर्ण छ। भ्रष्टाचारमा आरोपितको विरुद्ध निर्मम कारबाही र नागरिकमा सदाचारको संस्कृतिको प्रवर्धन अनिवार्य हुन्छ। राज्य सत्तामा नेतृत्व लिने व्यक्तिहरूको विवेक र नैतिक चरित्र अत्यन्त महत्वपूर्ण छ। नेतृत्वको दोषपूर्ण कार्यहरू देशको भविष्यमा दीर्घकालीन असर पार्न सक्छन्।


लोकतान्त्रिक सरकार र नागरिकका आवाजहरू सुनेर तत्काल सम्बोधन गर्नु राज्यको प्रमुख जिम्मेवारी हो। जब सम्म प्रजातन्त्र सम्बन्धित मुलुकका नागरिकको जीवनशैलीको हिस्सा हुँदैन, तबसम्म त्यसको प्रभावपूर्ण कार्यान्वयन सम्भव छैन। २००७ सालमा भएको परिवर्तनपछि आजसम्म आइपुग्दा समय र परिवेश फरक भए पनि नागरिकका मुद्दाहरूमाथि खास सम्बोधन भएको छैन। जबसम्म नागरिकका मुद्दा सम्बोधन हुँदैन तबसम्म मुलुक सही ढंगले अगाडि बढ्दैन। जसका निम्ति दलहरूभित्रै व्यापक रूपान्तरण आवश्यक छ।

## सामाजिक सञ्जाल




**तारानाथ दाहाल**

भौगोलिक हिसाबले एक जिल्ला न्यूनतम एक निर्वाचन क्षेत्रको सिद्धान्त ठिक छ। तर यो संविधानमा भएको निकै त्रुटिपूर्ण व्यवस्था हो- निर्वाचन क्षेत्र निर्धारण जनसंख्याको आधारमा। यो व्यवस्थाले गर्दा काठमाडौं-१ मा ४८ हजार मतदाताबाट र बिकट पहाडी जिल्लाहरूमा १ लाख ६० हजार बढी मतदाताबाट एक सांसद !




**माधव आचार्य**

धेरै जनसंख्या भएको तराई भागमा धेरै निर्वाचन क्षेत्रको व्यवस्था हुनसक्ने र त्यसबाट बहुसंख्यामा सांसद पठाई संसदमा आधिपत्य जमाउन सकिने हिसाबले निर्वाचन क्षेत्र निर्धारण गरिएको कुरा घामजस्तै छर्लङ्ग छ। हाम्रो यो संविधान विदेशीले बनाइदिएको हो भन्ने आरोप त्यतिबेला पनि लागेको थियो।



**उमेश मैनाली**

लोकतन्त्र बोल्ने स्वतन्त्रता नभएर मात्र मर्ने होइन, अरूको कुरा सुन्न नसकेर पनि मर्दछ। अहिले एक दलका अन्ध समर्थकहरू अरूको कुरा नै नसुन्ने र उनीहरूप्रति घृणा ओकल्ने गरेको देख्दा हाम्रो लोकतन्त्र यस्तै खाले मानिसबाट खतरामा छ भन्ने बुझ्नुपर्दछ। सबैको कुरा सुनेर आफ्नो मत दिए हुन्न र?



**नारायण अमृत**

बालेनमाथि मेरा अनेक प्रश्न छन्। ती प्रश्नहरू उनको राजनीतिक दृष्टि, अभ्यास र दर्शनसँग जोडिएका छन्। तर मैले बालेनले किन 'साह' नलेखेर 'शाह' लेखे भन्ने तहको उनको निजत्वमाथि प्रश्न गर्नु बेवकुफी हुन्छ। राजनीतिमा प्रश्नहरूको वजन र आयामको अझ धेरै अर्थ रहन्छ।

## लागुऔषध ओसारपसार

# १९ जनाविरुद्ध ६५ मुद्दा दर्ता




**काठमाडौं/मस–** नेपाल प्रहरीले गत माघ महिनामा लागुऔषध कारोबारका अभियोगमा ९९ आरोपीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार गत माघ महिनामा काठमाडौंका विभिन्न क्षेत्रका गरिएको खोजी अभियानका क्रममा सात महिलासहित ९९ जनालाई लागुऔषधसहित पक्राउ गरिएको र उनीहरुविरुद्ध ६५ मुद्दा दर्ता भएको छ ।

परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले उनीरुबाट खैरो हेरोइनमात्रै ५५.१८ ग्राम बरामद भएको छ। यस्तै लागुऔषध ट्रमाडोल मात्रै २३ हजार ३ सय ट्याबलेट र नाइट्राजेपाम दुई हजार ८ सय १३ एम्पल बरामद गरिएको छ ।

गाँजा २ किलो, डाइजेपाम ९३ एम्पुल, फेनारगन ६२ एम्पुल, नुर्फिन १ सय ५१ एम्पुल, नाइट्राभेट १० एम्पुल बरामद गरिएको छ । यस्तै स्पामो १ सय २६ क्याप्सुल पोल्याण्ड ६ सय ७८ ग्राम पनि बरामद गरिएको प्रहरीले जनाएको छ ।

काठमाडौं प्रहरीका अनुसार गएको एक महिनाको अवधिमा आात्महत्याका ३६ घटना भएको छ । यसमा १९ देखि ३९ वर्षका २७ छन् । आात्महत्या गर्नेमा २४ पुरुष रहेका पनि प्रहरीले जनाएको छ ।

अनुचित लेनदेनतर्फ सात मुद्दा दर्ता भएको र दुई मुद्दा मिलापत्र भएको पनि प्रहरीले जानकारी दिएको छ । ती मुद्दाहहरुमा आठ करोडभन्दा बढीको मागदाबी रहेको काठमाडौं प्रहरीले जानकारी दिएको छ ।

**अभद्र व्यवसार गर्ने युवक पक्राउ**

महाशिवरात्रिका अवसरमा पशुपतिनाथ मन्दिरमा भक्तजनलाई अभद्र व्यवहार र प्रहरी कर्मचारीमाथि जाइलाग्ने युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा मकवानपुरको ठुलदमार घर भई काठमाडौं महानगरपालिका-१३ चागल बस्ने २५ वर्षीय रिजन श्रेष्ठ रहेका प्रहरीले जनाएको छ । निजमाथि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए । ती युवकले शिवरात्रिका दिन पशुपति मन्दिरमा भक्तजनलाई अभद्र व्यहार र प्रहरीमाथि कुटपिट गरेको 'भिडियो' सार्वजनिक भएको थियो ।

# चुनावी प्रचारका क्रममा उम्मेदवामाथि कुटपिट, एक जना पक्राउ

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, ६ फागुन



पश्चिम नवलपरासीको बर्दघाट क्षेत्रमा चुनावी माहोल तातिरहेका बेला उम्मेदवारमाथि नै कुटपिट भएको घटनाले राजनीतिक वृत्तमा तरंग सिर्जना गरेको छ । नेपाल कम्युनिस्ट पार्टी(माओवादी)का निर्वाचन क्षेत्र नं. १ का उम्मेदवार राजु हरिजनमाथि प्रचार-प्रसारका क्रममा अभद्र व्यवहार तथा हातपात गरिएको हो ।

प्रहरीका अनुसार मंगलबार साँझ करिब ५ बजे बर्दघाट नगरपालिका-१२ जमुनिया क्षेत्रमा घरदैलो अभियान चलाइरहेका बेला ३/४ जनाको अपरिचित समूहले अचानक आक्रमण गरेको थियो । आक्रमणपछि संलग्न व्यक्तिहरू फरार भएका थिए ।

घटनाबारे सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बर्दघाट र मातहतका युनिटबाट प्रहरी टोली परिचालन गरिएको थियो । खोजतलासका क्रममा बर्दघाट-१३ धनेवा निवासी ३१ वर्षीय अजय गौतमलाई बुधबार बिहान करिब ९ बजे पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपरासीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक बीरदत्त पन्तका अनुसार पक्राउ परेका गौतममाथि अभद्र व्यवहार तथा कुटपिटसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको छ । अन्य संलग्न व्यक्तिहरूको पहिचान गरी खोजी कार्य तीव्र पारिएको उनले जानकारी दिए ।

घटनापछि उक्त क्षेत्रमा थप सुरक्षा व्यवस्था कडा पारिएको छ। चुनाव नजिकिँदै जाँदा सम्भावित अप्रिय घटना रोक्न प्रहरी सतर्क रहेको जनाइएको छ ।

स्थानीय राजनीतिक दलका नेताहरूले घटनाको भर्त्सना गर्दै निष्पक्ष र शान्तिपूर्ण चुनावी वातावरण सुनिश्चित गर्न प्रशासनसँग माग गरेका छन् । चुनावी प्रतिस्पर्धा तीव्र बन्दै जाँदा सुरक्षा चुनौती पनि बढ्दै गएको देखिएको छ ।

# बैतडीकी बिष्टलाई 'मीना दिदी पुरस्कार'



**काठमाडौं/मस–**शिक्षण क्षेत्रमा विशिष्ट योगदानको कदरस्वरूप प्रदान गरिने 'मीना दिदी पुरस्कार' २०८२ सालका लागि बैतडीकी शिक्षिका कृष्णा बिष्टलाई प्रदान गरिएको छ ।

पाल्पाको किसान माध्यमिक विद्यालयमा प्रथम महिला शिक्षिका मीना कुमारी कार्कीको स्मृतिमा स्थापना गरिएको उक्त पुरस्कारको राशी ५० हजार रुपैयाँ रहेको छ । शिक्षक क्षेत्रबाट सामाजिक रूपान्तरणमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान गर्ने उद्देश्यसहित यो पुरस्कार प्रत्येक वर्ष प्रदान गरिँदै आएको छ ।

किसान माध्यमिक विद्यालयको ६५औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा तत्कालीन प्रधानाध्यापक वासुदेव अर्याल, पुरस्कार संरक्षक डा. आरती कार्की, सदस्य-सचिव उमानाथ पोखरेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मधु पराजुली तथा गाउँपालिका अध्यक्ष यम चिदी लगायतले संयुक्त रूपमा कृष्णा बिष्टलाई सम्मानपत्र र नगद राशि प्रदान गरेका हुन् ।

सो अवसरमा मीना दिदीका शिष्य तथा कलाकार नारायण रायमाझीले आफ्नी गुरुआमा मीना दिदीलाई स्मरण गर्दै उनले ६ दशकअघि नै शिक्षा क्षेत्रमा प्रवेश गरी विशेषतः छोरीहरूलाई शिक्षित गर्नुपर्छ भन्ने सन्देश फैलाएको उल्लेख गरे । तत्कालीन प्रधानाध्यापक वासुदेव अर्यालले मीना दिदीले विद्यार्थीप्रति आमाजस्तै भूमिका निर्वाह गरेको स्मरण गरे । पूर्व जिल्ला शिक्षा अधिकारी डोलराज काफ्लेले मीना दिदीले बालबालिकाको व्यक्तिगत सरसफाइदेखि पोषणयुक्त आहारसम्मका विषयमा गाउँ-गाउँमा चेतना फैलाएको बताए । यस्तै डा. नीलम कार्की निहारिकाले एक नारी शिक्षित हुँदा परिवार मात्र होइन, समग्र समाज नै शिक्षित हुने धारणा व्यक्त गर्दै आफू आमाकै मार्गदर्शनमा अघि बढेको बताइन् ।

विद्यालयका सहायक प्रधानाध्यापक तथा मीना दिदीका विद्यार्थी गजेन्द्र पन्थीले मीना दिदी जन्म दिने आमापछिकी आमा सरह रहेको उल्लेख गरे । समाजसेवी मित्रलाल पोखरेलले मीना दिदीको योगदानकै कारण गाउँका धेरै छोरीबेटीले पढ्ने अवसर पाएको बताए ।

पुरस्कृत व्यक्तित्व कृष्णा बिष्टको परिचय प्रस्तुत गर्दै सदस्य-सचिव उमानाथ पोखरेलले उनी पनि मीना दिदीझैँ ग्रामीण क्षेत्रमा रहेर सामाजिक रूपान्तरणका लागि सक्रिय रहेको र बैतडीकै पहिलो महिला शिक्षक भएको जानकारी दिए । कृष्णा बिष्टले २०३३ सालदेखि २०६१ सालसम्म बैतडीमा शिक्षिकाको रूपमा सेवा गरेकी थिइन् ।


उनले छाउपडी प्रथा न्यूनीकरण, दलित, जनजाति र बालबालिकाको हकहित संरक्षण, महिला उत्थान तथा गरिब तथा पिछडिएका चेलीहरूलाई प्राविधिक शिक्षामा पहुँच पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेको बताइएको छ । पुरस्कार ग्रहणपछि कृष्णा बिष्टले मीना दिदीजस्ता समर्पित महिला शिक्षकहरूको योगदानलाई समाजसामु ल्याएर अरूलाई पनि त्यस्तै कार्यमा प्रेरित गर्ने उद्देश्यले यो पुरस्कार महत्वपूर्ण रहेको बताइन् ।

गाउँपालिका अध्यक्ष यम चिदीले मीना दिदी पुरस्कार स्थापना गरेर डा. आरती कार्की र डा. नीलम कार्कीले छोरीहरूले पनि आमा-बुबाको नाम उज्यालो बनाउन सक्छन् भन्ने उदाहरण प्रस्तुत गरेको भन्दै यसले छोरीप्रतिको सामाजिक सोच परिवर्तनमा सहयोग पुग्ने धारणा राखे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मधु पराजुलीले मीना कुमारी कार्की सम्पूर्ण विद्यार्थी र समाजकै लागि 'मीना दिदी'को रूपमा परिचित रहेको र आफू पनि उहाँको विद्यार्थी भएकोमा गर्व लागेको बताए ।

पुरस्कार संरक्षक डा.आरती कार्कीले 'मीना दिदी पुरस्कार' प्रत्येक वर्ष नेपालभरिका महिला शिक्षकहरूमध्ये एक जनालाई प्रदान गरिने जानकारी दिइन् ।

# सेना बोकेको बस दुर्घटना हुँदा २४ घाइते



**भोजपुर/मस–**भोजपुर नगरपालिका-३ स्थित सेतीबगर नजिकै निर्वाचनमा खटिएको सेना लिएर जाँदै गरेको ना ४ ख ७३१७ नम्बरको बस दुर्घटनामा परेको छ । जिल्लाबाट २४ जना सेना र चालकसहित २६ जना सवार बस दुर्घटनामा परेको हो ।

दुर्घटनामा परी २४ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरीक्षक राजु लामाले जानकारी दिए । उनका अनुसार बस सडक नजिकैको घुम्तीबाट तल खसेको छ । दुर्घटनामा परी गम्भीर घाइते ८ जनालाई सेनाको दुई वटा हेलिकप्टरमार्फत थप उपचारका लागि काठमाडौं पठाइएको नेपाली सेनाले जनाएको छ ।

जिल्लाको पश्चिम टेम्केमैयुङ गाउँपालिकामा निर्वाचन सुरक्षा तयारीका लागि नेपाली सेनाको नयाँ श्रीनाथ गण भोजपुरबाट गएको सेनाको बस दुर्घटनामा परेको हो । दुर्घटनामा परी घाइते भएका अन्यको जिल्ला अस्पताल भोजपुरमा उपचार भइरहेको छ ।

# स्व. मियाँको स्मृतिमा एक लाखको अक्षयकोष



**तनहु/मस–**नेपाल पत्रकार महासंघ तनहुँ शाखाले पूर्व सल्लाहकार एवं नेपाल प्रेस युनियन तनहुँका पूर्व अध्यक्ष शेष मोहम्मद हनिफ (गोरा) मियाँको स्मृतिमा एक लाख रुपैयाँको अक्षयकोष स्थापना गर्ने घोषणा गरेको छ ।

शाखाले स्व.शेष मोहम्मद हनिफ (गोरा मियाँ) फोटो पत्रकारिता स्मृति पुरस्कार स्थापना गर्न लागेको हो । स्वर्गीय मियाँले फोटो पत्रकारिता क्षेत्रमा पुऱ्याउनुभएको योगदानलाई चीरस्थायी बनाउन शाखाले उक्त अक्षयकोष स्थापना गर्ने निर्णय गरेको शाखाका अध्यक्ष डिपी अधिकारीले जानकारी दिए ।

२०१८ वैशाख ६ गते जन्मिएका शेष मोहम्मद हनिफ मियाँको २०८२ माघ २१ गते ६४ वर्षको उमेरमा निधन भएको थियो । उनी फोटो पत्रकार महासंघ नेपालको पूर्व केन्द्रीय अध्यक्ष पनि हुन् ।

# मतदानका लागि गाउँ फर्कन थाले मुस्ताङी



**मुस्ताङ/मस–** मुस्ताङमा चुनावी माहोल विस्तारै तात्तिन थालेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदा चुनावी चहलपहल सुरु भएको हो ।

निर्वाचनमा होमिएका उम्मेदवार मतदाता रिझाउन बेँसीमै व्यस्त थिए । तर जाडो छल्न बेंसी झरेका मतदाता फर्किन थालेपछि उम्मेदवार पनि मतदातासँगै लेकतिर उक्लिन थालेका छन् । मुस्ताङमा चार राजनीतिक दलका उम्मेदवारले पहिलो चरणको घरदैलो अभियान सम्पन्न गरेका छन् । यहाँ नेपाली कम्युनिष्ट पार्टी (नेकपा), मंगोल नेशनल अर्गनाइजेशन, उज्यालो नेपाल र आम जनता पार्टीका उम्मेदवारले घरदैलो गरेका थिए ।

अहिले नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवार ङुटुक गुरुङले थासाङ गाउँपालिकादेखि घरदैलो थालेको बताए । उम्मेदवारी दर्ता गराएपछि पूरै एक महिनाभन्दा बढी समय पोखरा, काठमाडौंमा रहेका मुस्ताङी मतदातासँग भेट गरेपछि जिल्लामै रहेका मतदाता भेट्नमा व्यस्त रहेको उनले बताए ।

यसैगरी उज्यालो नेपाल पार्टीका उम्मेदवार डा.सुरेन्द्र शेरचनले माथिल्लो मुस्ताङमा चुनावी घरदैलो सकेर काठमाडौं फर्किएको बताए । बेंसी झरेका कतिपयले बेंसीमै घुम्ती ब्यापार सञ्चालन गर्छन् । माथिल्लो मुस्ताङका दुई स्थानीय तहका ८० प्रतिशत बढी मतदाता बेंसी झरेका थिए । तल्लो मुस्ताङका पनि ५० प्रतिशत बढी मतदाता बेंसी झरेका थिए ।

यहाँस्थित जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला सुरक्षा समितिलगायतले निर्वाचन तयारीलाई तीव्रता दिइरहेको जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिए ।

निर्वाचन तयारीका लागि हालसम्म पाँच वटै स्थानीय तहका मतदानस्थलमध्ये ९० प्रतिशत मतदानस्थलको स्थलगत अवलोकन गरिसकेको उनले बताए ।

उनले भने, 'मौसमले साथ दिएमा निर्वाचन सम्पन्न गराउन केही अप्ठ्यारो पर्दैन, मौसम प्रतिकूल भएमा आयोगको निर्देशन अनुसार काम गर्छौं ।' निर्वाचनका लागि जिल्ला सुरक्षा योजना तयार भइसकेको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिइन् । उनका अनुसार निर्वाचन सुरक्षाका लागि चार वटै सुरक्षा निकाय परिचालित भइसकेका छन् ।

२ सय ३५ नेपाल प्रहरी र २ सय ६६ निर्वाचन प्रहरी गरी ५ सय १ सुरक्षाकर्मी परिचालन गरिएको जनाइएको छ । सशस्त्र प्रहरीले सशस्त्र र निर्वाचन प्रहरी गरी २ सय बढी सुरक्षाकर्मी खटाएको छ । निर्वाचनका लागि यहाँका ३९ मतदानस्थलमा २ सय ४० जना कर्मचारी र ८६ जना स्वंयसेविक खटाइने जनाइएको छ ।

# यातायातको चाप घटेसँगै उपत्यकाको वायु प्रदूषणमा कमी



**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा सवारीसाधनका आवागमनमा कमी हुँदा वायु प्रदूषणमा उल्लेख्य कमी आएको छ ।

ग्याल्पो ल्होसारका अवसरमा आज सार्वजनिक बिदा रहेको छ । मंगलबार दिउँसो १ बजेसम्म उपत्यकाको वायु गुणस्तर सूचकांक (एक्युआई) १सय ९१ पुगेको थियो भने बुधबार सोही समयमा घटेर १ सय १४ मा झरेको छ । एयर क्वालिटी इन्डेक्स (एक्युआई) का अनुसार मंगलबार काठमाडौं विश्वकै तेस्रो प्रदूषित सहर भएको थियो । बुधबार भने काठमाडौं १४ औं स्थानमा झरेको छ । हाल पाकिस्तानको लाहोर १ सय ९३ एक्युआईसहित पहिलो र सेनेगलको राजधानी डकार १ सय ९२ एक्युआईसहित दोस्रो स्थानमा रहेका छन् ।

वातावरणविद् भुषण तुलाधारका अनुसार वायु प्रदूषण बढ्नुमा यातायात क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । 'सवारीसाधनको धुवाँले प्रत्यक्ष रूपमा प्रदूषण बढाउँछ । गत माघ १ गतेदेखि इँटाभट्टा सञ्चालनमा आएका छन्, जसबाट निस्कने धुवाँ र धुलो पनि प्रदूषणको अर्को कारण हो', उनले भने ।

उनका अनुसार फोहोर जलाउने प्रवृत्ति र डढेलोको मौसम सुरु हुनुले पनि प्रदूषण बढ्ने जोखिम हुन्छ । त्यसैले समयमै पूर्वतयारी, पातपतिङ्गर व्यवस्थापन, डढेलो नियन्त्रण तथा सवारीसाधनको धुवाँ परीक्षण र मापदण्डको कडाइका साथ कार्यान्वयन आवश्यक रहेको तुलधारको सुझाव छ ।

प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार सार्वजनिक बिदाका दिन करिब १० प्रतिशतले यातायातको चाप घट्ने गरेको छ। 'सार्वजनिक यातायातका कारण प्रदूषण बढ्ने कुरा सत्य हो । विस्तारै विद्युतीय बस (ईभी) को सङ्ख्या बढिरहेको छ, जसले सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ', उनले भने ।

एक्युआईको मापदण्डअनुसार ० देखि ५० सम्म 'राम्रो' (हरियो संकेत), ५१ देखि १ सय सम्म 'सचेत रहनुपर्ने' (पहेँलो संकेत) मानिन्छ । १ सय १ देखि १ सय ५० सम्म 'अस्वस्थ' श्रेणीमा पर्छ, जसले विशेषगरी श्वासप्रश्वास र मुटु रोगीलाई असर गर्न सक्छ । १ सय ५१ देखि २ सय 'सबैका लागि अस्वस्थ', २ सय १ देखि ३ सय 'धेरै अस्वस्थ' र ३ सयभन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ ।

काठमाडौं उपत्यकाको वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार एक्युआई ३ सय भन्दा माथि पुगेको अवस्थालाई सरकारले विपद्का रूपमा मान्ने व्यवस्था गरेको छ । यस्तो अवस्थामा फोहोर जलाउने कार्य रोक्ने, सडक सफाइका लागि ब्रुमर तथा भ्याकुम प्रयोग बढाउने, र बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने प्रावधान छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ ले वायु प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि तथा अन्य जोखिमपूर्ण प्रदूषण नियन्त्रणसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने रणनीति अघि सारेको छ । साथै प्रमुख सहर, औद्योगिक क्षेत्र तथा प्रदूषण जोखिमयुक्त स्थानमा गुणस्तर मापन केन्द्र स्थापना गरी वायु, जल र ध्वनि गुणस्तरको नियमित अनुगमन गर्ने उल्लेख गरिएको छ ।

**कुवेतमा रोजगार**
कम्पनी: Integrated Logistics Co — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०८/२० — चलानी नं.: ६०२२९३०३ — LT. No.: 315002 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crane Operator | 49 | 0 | सम्बन्धित काममा दक्ष | 250 | १,१८,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Duty Driver | 40 | 0 | | 200 | ९४,८९२ | | | | | | | |
| 3. | heavy equipment operator | 31 | 0 | | 250 | १,१८,६१५ | | | | | | | |
| 4. | Load & Unloading Workers | 46 | 0 | | 100 | ४७,४४६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LUCKY H.R. Solution Pvt. Ltd.
लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com
श्रम इजाजत नं.: ८७५/०६६/०६७

**Cyprus मा रोजगार** | 1. Global Tree Recruitment Ltd, Paphos, Cyprus
पूर्व स्वीकृती मिति २०८१।०९।१९ — चलानी नं. ६०२३०८१२ — LT.No. 316452

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 03 | 03 | स.काममा दक्ष | 700 | १२०,०३६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Barista | 02 | 03 | | 700 | १२०,०३६।- | | | | | | | |
| 3 | Bartender | 03 | - | | 700 | १२०,०३६।- | | | | | | | |
| 4 | Baker | 03 | - | | 700 | १२०,०३६।- | | | | | | | |
| 5 | Cook | 03 | - | | 800 | १३७,१८४।- | | | | | | | |

2. ANTRIANOU KYRIAKOU, Cyprus
पूर्व स्वीकृती मिति २०८१।०९।०५ — चलानी नं. ६०२३०३२९ — LT.No. 315614

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | - | 05 | स.काममा दक्ष | 850 | १४७,१३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Waiter/Waitress | 05 | 05 | | 750 | १२८,६१०।- | | | | | | | |
| 3 | Housekeeping | 03 | 02 | | 750 | १२८,६१०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००/- |

अन्तर्वार्ता २०८१ फाल्गुन १४ गते (26 Feb., 2026) मेनपावर कार्यालय रातोपुल गोगंबुमा हुनेछ ।

S.R.C. Job Placement Pvt. Ltd.
Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com



निर्देशक राजेन्द्र बस्नेतको निर्देशनमा बन्न लागेको आगामी कथानक फिल्म 'कार्की साइँला'ले मुख्य अभिनेत्रीका रूपमा प्रियना आचार्य (मुन्नी) लाई भित्र्याएको छ। निर्माण पक्ष र अभिनेत्री आचार्यबीच हालै औपचारिक लिखित सहमति भएको निर्देशक बस्नेतले जानकारी दिएका छन्।

यस फिल्ममा प्रियनाको जोडी लोकप्रिय अभिनेता जितु नेपालसँग बाँधिने भएको छ। निर्माण टिमका अनुसार फिल्मको शीर्ष भूमिकाका लागि प्रियना छनोट भएकी हुन्। यसअघि यही भूमिकाका लागि अभिनेत्री वर्षा सिकावोटी लाई लिएर निर्माण घोषणा गरिएको भए पनि आपसी सहमतिमै वर्षाले फिल्म छाडेपछि उनको स्थानमा प्रियना अनुबन्धित भएकी हुन्।

प्रियनाले यसअघि 'लाज शरणम्', 'झरीपछिको इन्द्रेणी' र 'कल्ली' जस्ता फिल्ममा अभिनय गरिसकेकी छन्। 'कार्की साइँला'मार्फत भने उनी पहिलो पटक मुख्य भूमिकामा देखिन लागेकी हुन्। फिल्मको कथावस्तु र आफ्नो चरित्र मन परेपछि काम गर्न सहमत भएको बताउँदै उनले यो प्रोजेक्टलाई लिएर आफू निकै उत्साहित रहेको प्रतिक्रिया दिएकी छन्।

# 'कार्की साइँला'मा मुन्नी

फिल्मको छायांकन नेपालको पूर्वी जिल्ला धनकुटामा गरिने तयारी छ। ग्रामीण परिवेशमा निर्माण हुने 'कार्की साइँला' भरिया (बोझ बोक्ने श्रमिक)को जीवनकथामा आधारित रहने निर्माण पक्षले जनाएको छ। सामाजिक यथार्थ र संघर्षपूर्ण जीवनशैलीलाई केन्द्रमा राखेर कथा अगाडि बढ्ने निर्देशक बस्नेतको भनाइ छ।

फिल्ममा जितु नेपाल र प्रियना आचार्यसँगै सुशील पोखरेल, वीरेन्द्र सिंह कुशवाह, मान्सी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बु, रोदा राई र कमल देवकोटा लगायत कलाकारको अभिनय रहनेछ।

कर्णबहादुर फिल्म्स प्रा.लि.को ब्यानरमा निर्माण हुन लागेको यस फिल्मका निर्माता बालकुमार राई हुन् भने प्रस्तुतकर्ता कृष्ण भगत चाम्लिङ रहेका छन्। छायांकन डम्बर राईले गर्नेछन्। द्वन्द्व निर्देशन किरण दाहाल को रहनेछ भने संगीत दिप्सन लिम्बूको हुनेछ। म्युजिक भिडियो निर्देशकका रूपमा परिचित रोजल थापाले यस फिल्ममा मुख्य सहायक निर्देशकको जिम्मेवारी सम्हाल्नेछन्।

निर्माण टिमले छायांकन तालिका र प्रदर्शन मिति चाँडै सार्वजनिक गर्ने जनाएको छ। ग्रामीण जीवनको यथार्थ, श्रमको मूल्य र मानवीय संवेदनालाई केन्द्रमा राखिएको 'कार्की साइँला'ले नेपाली दर्शकको मन छुने अपेक्षा निर्माण पक्षले गरेको छ।

# चर्चामा जितु–वरुण भेट



**काठमाडौं/एजेन्सी–** बलिउड र नेपाली फिल्म दुनियाँका चर्चित कलाकारहरूको मुम्बईमा अप्रत्याशित भेटले अहिले सामाजिक सञ्जालमा चर्चा बटुल्दैछ। निर्माता तथा अभिनेता जितु नेपाल हाल आफ्नो आगामी फिल्म ' आई एम जीतबहादुर'को पोस्ट-प्रोडक्सनका लागि मुम्बईस्थित थ्बकज च्बव ँकिक क्तगमष्य मा छन्।

छायांकन सकिएलगत्तै मुम्बई पुगेका जितु, फिल्ममा आफ्नै शीर्ष भूमिका र पहिलो निर्माण भएकाले डबिङ, व्यवस्थापन र अन्य पोस्ट-प्रोडक्सन कार्यमा व्यस्त छन्। यशराज फिल्म्सको स्टुडियो बलिउडकै व्यस्त स्टुडियोहरूमध्ये पर्छ, जहाँ ठुला स्टार र प्रमुख ब्यानरका फिल्मका डबिङ, रेकर्डिङ र पोस्ट-प्रोडक्सनका काम भइरहन्छ।

सोमबार दिउँसो यही स्टुडियोमा नेपाली फिल्म उद्योग र बलिउडका दुई कलाकारबीच रमाइलो भेटघाट भएको थियो। नेपाली चलचित्रको चष्कष्लन कतबच जितु नेपालको भेट बलिउड सुपरस्टार वरुण धवन सँग भएको थियो। वरुण आफ्नो आगामी फिल्म 'ए जवानी हे तो प्यारा तो होना ही हे' को डबिङका लागि त्यही स्टुडियोमा पुगेका थिए।

उक्त भेट केवल औपचारिकता मात्र थिएन, दुई कलाकारबीच हार्दिक शुभकामना आदान-प्रदान समेत भयो। जितुले वरुणलाई पशुपतिनाथको प्रसादस्वरुप रुद्राक्षको माला उपहारस्वरूप दिएका थिए भने वरुणले पनि 'आई एम जीतबहादुर' को सफलताको शुभकामना व्यक्त गरे।

जितुका अनुसार, 'मलाई थाहा थियो वरुणसँग भेट हुने छ, त्यसैले मैले विशेष रूपमा पशुपतिनाथबाट रुद्राक्षको माला लगाएर आएका थिएँ। यो व्यक्तिगत र भावनात्मक रूपमा महत्वपूर्ण क्षण थियो।' वरुणसँगको भेटको तस्बिर पनि उनले सामाजिक सञ्जालमा शेयर गरेका छन्, जसले नेपाली-बलिउड सहकार्यमा उत्सुकता थपेको छ। फिल्म 'आई एम जीतबहादुर' जितु स्वयंको जीवनबाट प्रेरित कथावस्तुमा आधारित रहेको बताइएको छ। कलाकारको संघर्ष, संघर्षको मध्यमार्ग र सफलताको यात्रा यसमा प्रस्तुत गरिएको छ। पहिलोपटक आफ्नो पूर्ण लगानीमा निर्माण गरिएको फिल्म भएकाले जितु यसबाट विशेष अपेक्षा राखेका छन्।

फिल्मको निर्देशक सुवेन्दु घोष, जो हिन्दी र बंगाली सिनेमाका चर्चित निर्देशक हुन्, ले बलिउड स्टार वरुण धवनसँगको परिचय गराएका थिए। यो भेटका तस्बिरले सामाजिक सञ्जालमा तत्काल चर्चा पाएको छ।

वाईआरएस स्टुडियोमा बलिउडका स्थापित मेकरहरूले डबिङ र पोस्ट-प्रोडक्सनका काम गरिरहँदा, नेपाली फिल्म निर्माता जितु नेपालको उपस्थितिले नेपाली फिल्म उद्योगको अन्तर्राष्ट्रिय उपस्थिति झल्किएको छ। डबिङ र पोस्ट-प्रोडक्सनमा व्यस्त रहेका जितु केही समय मुम्बईमै रहने योजना बनाएका छन्।

यसरी, नेपाली-बलिउड कलाकारको अनौपचारिक भेट र शुभकामना आदान-प्रदानले नेपाली फिल्म उद्योगको पहिचानलाई बलियो बनाउँदै अन्तर्राष्ट्रिय स्तरमा चर्चा बटुल्न सक्ने संकेत दिएको छ।

# टि–सिरिज र कार्तिक आर्यनबीच फेरि सहकार्य



**काठमाडौं/एजेन्सी–** बलिउड अभिनेता कार्तिक आर्यन र प्रतिष्ठित निर्माण तथा संगीत कम्पनी टि-सिरिजबीचको सफल सहकार्यले निरन्तरता पाउने भएको छ। टि-सिरिज कार्तिक अभिनीत आगामी फिल्म 'क्याप्टेन इन्डिया'मा सह-निर्माताका रूपमा आबद्ध भएको छ। यसअघि यी दुईबीच बनेका 'सोनु के टिटु की स्वीटी', 'पति पत्नी और वो', 'भुल भुलैया २' र 'भुल भुलैया ३' जस्ता फिल्मले बक्स अफिसमा उल्लेखनीय सफलता हासिल गरेका थिए।

फिल्म 'क्याप्टेन इन्डिया'को कथा लेखन तथा निर्माण हर्मन बावेजाले गरिरहेका छन्। निर्माण टिमका अनुसार कथावस्तुको सम्भावना, कार्तिक आर्यनको कास्टिङ र निर्देशक शिमित अमिनको संलग्नताका कारण टि-सिरिज यो परियोजनामा जोडिएको हो। फिल्मको रेक्की (लोकेसन अवलोकन) पूरा भइसकेको छ र सन् २०२६ को दोस्रो त्रैमासिकबाट छायांकन सुरु हुने अपेक्षा गरिएको छ। फिल्म भारत र मोरोक्कोमा छायांकन हुने बताइएको छ।

'क्याप्टेन इन्डिया' निर्देशक शिमित अमिनको १७ वर्षपछि निर्देशनमा पुनरागमन हुने फिल्म हो। उनले यसअघि 'अब तक छप्पन', 'चक दे! इन्डिया' र 'रकेट सिंह: सेल्सम्यान अफ द इयर' निर्देशन गरेका थिए। 'रकेट सिंह' बक्स अफिसमा अपेक्षाकृत कमजोर भए पनि पछि गएर कल्ट फिल्मका रूपमा स्थापित भएको थियो।

रोचक कुरा के छ भने, 'क्याप्टेन इन्डिया' सन् २०२१ मै घोषणा गरिएको थियो र त्यसबेला निर्देशकका रूपमा हंसल मेहताको नाम जोडिएको थियो।

यसैबीच, कार्तिक आर्यन र टि-सिरिजको अर्को अनटाइटल्ड म्युजिकल फिल्म पनि तयारी अवस्थामा छ, जसलाई अनुराग बसुले निर्देशन गर्दैछन्। उक्त फिल्म २०२६ को दोस्रो छमाहीमा प्रदर्शन हुने तालिका छ। कार्तिक हाल 'नागजिल्ला'को छायांकनमा व्यस्त छन्, जसका निर्देशक 'फुकरे' फेम मृगदीप सिंह लाम्बा हुन्। साथै, कार्तिकसँग निर्देशक कबीर खानको आगामी फिल्म पनि पाइपलाइनमा रहेको छ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०७/१३ मा दर्ता भएको श्री **स्वोप्नील् पशुपंक्षी तथा कृषि फार्म प्रा. लि. (दर्ता नं. २०१५६९)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०८२/११/०७

मिति २०८२/०७/१० गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **फोटो क्लिक नेपाल** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नुर स्टुडियो (दर्ता. नं.: ३७०४२५)** कायम गर्ने गरी मिति २०८२/०९/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**बीमालेख हराएको सूचना**

मिति २०८२/०९/२५ गते सुन्धारा देखि गोंगबुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स कम्पनी लि. को बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : तेज कुमारी सिंगार**
बीमालेख नं. ३००००१०८९
ठेगाना : टोखा न.पा.-०९, गोंगबु
सम्पर्क : ९८४११९९४३२

**भूल सुधार**

मिति २०८२/११/०६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको नाम: **AL HUD CONTRACTING AND CLEANING SERVICES, पूर्व स्वीकृत मिति: २०८२/११/०५, चलानी नं.: ६०२५२६२२,** र **L.T. No.: 339181** को विज्ञापनको शिर्षक कतारमा रोजगार र विज्ञापनको **शहरमा DOHA** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

Kanchanjunga Overseas Pvt. Ltd.
Gyankunja Marga, Shantinagar, Kathmandu, Tel.: 4621331, 4621332, 9851317646 | 9813950071
Govt. Lic. No. 582/062/063 E-mail : kanchanjungha582@gmail.com, Web.: www.kanchanjunghaoverseas.com

**नक्सा पास सम्बन्धी सात दिने सूचना**

प्रकाशित मितिः २०८२/११/०७

उपरोक्त सम्बन्धमा कटारी न.पा. ४ बस्ने कल्पना थापा मगरले कटारी नगरपालीकावडा नं. ४ मा पर्ने साविक वडा नं. ४ कि नं. ६०१९ क्षेत्रफल ०-०-८-१ भएको जग्गामा भवन निर्माण गर्न नक्सा पास भएको निर्माण स्वीकृति लिन यस नगरपालिकामा मिति २०८२/०९/०८ मा नक्सा निवेदन दिएकोले स्थानीय सरकार संचालान ऐन, २०७४ को दफा ३१ बमोजिम १५ दिने सुचना टाँस भई मुचुल्का हुदाँ उक्त उल्लेखित जग्गाको दक्षिण तर्फका सँधियार तपाई गोपालचन्द्र रेग्मीलाई अनुपस्थित रहेकोले यो सात दिने सूचना टाँस गरिएको छ। उल्लेखित बमोजिम जग्गामा भवन निर्माण गर्दा तपाईलाई कुनै बाधा अवरोध पर्ने भए यो सूचना टाँस भएको मितिले सात दिन भित्र यस नगरपालिकामा स-प्रमाण लिखित जानकारी गराउनुहुन सूचित गरिन्छ। अन्यथा नियामाअनुसार नक्सा पास भई जाने व्यहोरा समेत अवगत गराइन्छ।

**युएईमा रोजगार**
कम्पनी: NAZAFAT ALWADI FOR BUILDING CLEANING SERVICES EST — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०८/०३ — चलानी नं.: ६०२४७५८४ — LT. No.: 333925 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 3 | 0 | स. काममा दक्ष | 1000 | ३९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

BLUE OCEAN RECRUITMENT PVT. LTD.
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu 4576215, 4591772
info@blueoceanmanpower.com www.blueoceanmanpower.com

**कतारमा रोजगार**
कम्पनी : FUTURE PIPE INDUSTRIES — शहर: QATAR,DOHA
पूर्व स्वीकृत मिति:२०८१/०६/२९ — चलानी नं.: ६०२२६५७६ — L.T. No.: 312208 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 49 | 0 | स. काममा दक्ष | 1000 | ३९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

HERALD INTERNATIONAL PVT. LTD. — श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोन: ४५७५३३९, ४५६८६९७, ४५७६६०३

**कतारमा रोजगार**
कम्पनी : AL MON FOR CONSTRUCTIONS AND CONTRACTING — शहर : QATAR,DOHA
पूर्व स्वीकृत मिति: २०८२/११/०५ — चलानी नं.: ६०२५२६५७ — LT. No.: 339155

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Pourer, Metal Castings | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४३,५७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Iron Workers | 2 | 0 | | 1100 | ४३,५७१ | | | | | | | |
| 3. | Machine Operator (Skilled) | 4 | 0 | | 3000 | १,१८,८३० | | | | | | | |
| 4. | Operator Dish Tile | 2 | 0 | | 3000 | १,१८,८३० | | | | | | | |
| 5. | Pourer, Metal Casting - General | 8 | 0 | | 1100 | ४३,५७१ | | | | | | | |
| 6. | Welder (Ironsmith) | 3 | 0 | | 1100 | ४३,५७१ | | | | | | | |
| 7. | Welder, Pipe | 4 | 0 | | 1100 | ४३,५७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

MARS MANPOWER SERVICES PVT. LTD.
Ward No 4, Bishalnagar, Kathmandu, Nepal., Tel. No.: 014547013
Mobile No.: +977 9823475442, 9810386719
Web.: www.marsmanpowerservices.com | Email: info@marsmanpowerservices.com
Gov. Lic No. 1471/074/075

**बहराइनमा रोजगार**
कम्पनी: 668 CAFE — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/११/०५ — चलानी नं.: ६०२५२६८३ — L.T. No.: 339210

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 12 | 0 | स. काममा दक्ष | 120 | ४६,०८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Licence No.: 1470/074 /075
ADVANCED MANAGEMENT CONSULTANTS "manpower supply & recruitment consultant"
Samakhushi, Kathmandu 01-4964211, 4974211 cvtoamc@gmail.com www.amgroup.com.np
Kathmandu: 9801080183, 9801029663, 9801080059, 9801021737, 9801029662, 9801044492
Birtamode: 9824035531,9807960966,9801442369,9801442370,9801442371, 023-542357

**युएईमा रोजगार**
कम्पनी: EAGLE ENVIRONMENTAL SERVICES & PEST CONTROL LLC - BRANCH — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८२/११/०५ — चलानी नं.: ६०२५२६४३ — L.T. No.: 339207

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 70 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 40 | 0 | | 1000 | ३९,४२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

PRAYAS RE-EMPLOYMENT CONSULTANT (PVT.) LTD. — श्रम इजाजत नं. ७६३/०६४/०६५
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.:01-4820056, Mobile : 9744421732, Email:pradeep.bhattarai11@gmail.com| Web:prayasreemployment.com

**कतारमा रोजगार**
कम्पनी: SALON AL INSAF WLL — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/११/०५ — चलानी नं.: ६०२५२६६३ — L.T. No.: 339205

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1700 | ६७३३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 0 | 2 | | 1700 | ६७३३७ | | | | | | | |
| 3. | Hair Beautician | 0 | 2 | | 1700 | ६७३३७ | | | | | | | |
| 4. | Hair Cutter | 0 | 2 | | 1700 | ६७३३७ | | | | | | | |
| 5. | Supervisor | 0 | 2 | | 2500 | ९९०२५ | | | | | | | |
| 6. | Technician | 0 | 3 | | 1700 | ६७३३७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

JALAJALA RECRUITMENT PVT. LTD.
Tokha -7, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecru2017@gmail.com, Web.:www.jalajalarecruitment.com
Gov. Lic No. 1224/074/075

**ओमनमा रोजगार**
कम्पनी: PROSPECTS OF THE RISING SUN — शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८२/०४/२२ — चलानी नं.: ६०२५२६७२ — LT. No.: 328626 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffe Maker | 1 | 0 | स. काममा दक्ष | 150 | ५६,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर शाखा कार्यालय इटहरीमा २०८२ २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

K.S.B. INTERNATIONAL PVT. LTD. — Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01- 4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025590791/ 9705244111 .

## टी-२० विश्वकप

# सुपर-८ पुग्ने ८ टोलीकै टुंगो










**काठमाडौं/मस-** आइसिसी टी-२० विश्वकप २०२६ अन्तर्गत सुपर-८ चरणमा पुग्ने आठै टोलीको टुंगो लागेको छ। बुधबार समूह 'ए' को निर्णायक खेलमा नामिबियालाई फराकिलो अन्तरले पराजित गर्दै पाकिस्तान अन्तिम टोलीका रूपमा सुपर-८ मा प्रवेश गरेको हो।

पाकिस्तानसँगै समूह 'ए'बाट भारत सुपर-८ मा पुगेको छ। यस्तै समूह 'बी'बाट श्रीलंका र जिम्बाब्वे, समूह 'सी'बाट इंग्ल्याण्ड र वेस्ट इन्डिज तथा समूह 'डी'बाट दक्षिण अफ्रिका र न्युजिल्यान्डले अन्तिम आठमा स्थान सुरक्षित गरेका छन्।

सुपर-८ चरणका लागि समूह विभाजन पनि सार्वजनिक भइसकेको छ। समूह-१ मा भारत, वेस्ट इन्डिज, दक्षिण अफ्रिका र जिम्बाब्वे रहेका छन् भने समूह-२ मा इंग्ल्यान्ड, न्युजिल्यान्ड, पाकिस्तान र श्रीलंका परेका छन्।

कोलम्बोमा भएको खेलमा पाकिस्तानले नामिबियालाई १०२ रनले हरायो। पाकिस्तानले दिएको २०० रनको लक्ष्य पछ्याएको नामिबिया १७ ओभर ३ बलमै ९७ रनमा समेटियो।

नामिबियाका लागि लोरेन स्टिनक्याम्पले सर्वाधिक २३ रन बनाए। अलेक्जान्डर वोल्सेन्कले २० रन जोड्दा अन्य कुनै पनि ब्याटर दोहोरो अंकमा पुग्न सकेनन्। पाकिस्तानका लागि बलिङमा उस्मान तारिकले उत्कृष्ट प्रदर्शन गर्दै ४ विकेट लिए। यस्तै सादाब खानले ३ तथा सलमान मिर्जा र मोहम्मद नवाजले १-१ विकेट हात पारे।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको पाकिस्तानले २० ओभरमा ३ विकेटको क्षतिमा १९९ रन बनाएको थियो।

शाहिबजादा फरहानले अविजित शतक प्रहार गर्दै पाकिस्तानको इनिङ्स सम्हाले। उनले ५८ बलमा १०० रन बनाउँदै ११ चौका र ४ छक्का प्रहार गरे। यो विश्वकपको तेस्रो शतक हो।

उनलाई सलमान अघाले ३८ रन तथा शादाब खानले ३६ रनको योगदान दिए। नामिबियाका तर्फबाट ज्याक ब्रासेलले २ तथा जेरहार्ड इरास्मसले १ विकेट लिए।

समूह 'डी' अन्तर्गत बुधबार दिल्लीमा भएको खेलमा दक्षिण अफ्रिकाले युएईलाई ६ विकेटले हराउँदै शतप्रतिशत जितसहित सुपर-८ मा स्थान पक्का गरेको छ।

युएईले दिएको १२३ रनको लक्ष्य दक्षिण अफ्रिकाले १३.२ ओभरमै ४ विकेट गुमाएर पूरा गर्‍यो। डेवाल्ड ब्रेभिसले सर्वाधिक ३६ रन बनाए भने रायन रिकेल्टनले ३०, कप्तान एडेन मार्क्रमले २८ तथा क्विन्टन डिककले १४ रन जोडे। युएईका हेदर अली, मुहम्मद जवादुल्लाह, मुहम्मद अरफान र मुहम्मद फारुकले समान १-१ विकेट लिए।

यसअघि टस हारेर ब्याटिङ गरेको युएईले २० ओभरमा ६ विकेट गुमाएर १२२ रन बनाएको थियो। अलिशान सराफुले ४५ रन बनाए भने कप्तान मुहम्मद वासीमले २२ तथा आर्यंश शर्माले १३ रन जोडे। दक्षिण अफ्रिकाका लागि कोर्बिन बोशले ३, एनरिच नोर्त्जेले २ तथा जर्ज लिन्डेले १ विकेट लिए। दक्षिण अफ्रिकाले यसअघि अफगानिस्तान, क्यानडा र न्युजिल्यान्डलाई पराजित गर्दै समूह चरणमा अपराजित यात्रा कायम राखेको हो। यस विश्वकपमा केही बलिया मानिएका टोलीहरू समूह चरणबाटै बाहिरिएका छन्। अस्ट्रेलिया, अफगानिस्तान र आयरल्यान्ड जस्ता टोलीले अपेक्षित प्रदर्शन गर्न सकेनन्।

नेपाली राष्ट्रिय टोली पनि एक जित र तीन हारसहित समूह चरणबाटै बाहिरिएको थियो।













### सुपर-८ मा पुगेका टोलीहरू

- समूह ए : भारत, पाकिस्तान
- समूह बी : श्रीलंका, जिम्बाब्वे
- समूह सी : इंग्ल्याण्ड, वेस्ट इन्डिज
- समूह डी : दक्षिण अफ्रिका, न्युजिल्यान्ड

# आर्मी एन्फा महिला च्याम्पियनसिपको फाइनलमा



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ६ फागुन

त्रिभुवन आर्मी क्लब एन्फा महिला फुटबल च्याम्पियनसिपको फाइनलमा पुगेको छ। उदयपुरको थारुहट रंगशाला, गाईघाटमा जारी च्याम्पियनसिपको पहिलो सेमिफाइनलमा नेपाल पुलिस क्लबलाई १-० गोलले पराजित गर्दै आर्मीले फाइनलमा स्थान सुरक्षित गरेको हो।

बुधबार सम्पन्न खेलमा आर्मीका लागि विमला चौधरीले पहिलो हाफको सुरुवातमै निर्णायक गोल गर्दै टोलीलाई जित दिलाइन्। खेलको सातौं मिनेटमा कर्नरबाट आएको बललाई सदुपयोग गर्दै उनले गोल गरेकी थिइन्, जुन नै खेलको एक मात्र तथा निर्णायक गोल बन्यो।

खेलभरि आर्मीले संगठित डिफेन्स र अनुशासित खेल प्रदर्शन गर्‍यो। पहिलो हाफमा अग्रता लिएको आर्मीले दोस्रो हाफमा पनि दबाब कायम राख्दै पुलिसका आक्रमणलाई रोक्न सफल रह्यो। पुलिसले अन्तिम समयसम्म बराबरी गोलको प्रयास गरे पनि सफलता हात पार्न सकेन। यस खेलको 'म्यान अफ द म्याच' आर्मीकी दिपा शाही घोषित भइन्। उनले नगद ७ हजार ५ सय रुपैयाँ, मेडल र ट्रफी प्राप्त गरिन्।

अब फाइनल प्रवेशका लागि दोस्रो सेमिफाइनलमा एपिएफ फुटबल क्लब र संकटा फुटबल क्लबबीच बिहीबार प्रतिस्पर्धा हुनेछ। उक्त खेलको विजेताले उपाधिका लागि त्रिभुवन आर्मी क्लबसँग भेट पक्का गर्नेछ।

प्रतियोगितामा सहभागी १० टोलीमध्ये गाईघाट फुटबल क्लब, एफसी रियल, छहारी युथ क्लब, आरएस रिसोर्ट, न्युरोड टिम, चर्च बोइज र नेपाल पुलिस क्लब प्रतियोगिताबाट बाहिरिसकेका छन्।

आगामी फागुन ९ गते फाइनल खेल हुने आयोजकले जनाएको छ। प्रतियोगिता अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजना तथा जिल्ला फुटबल संघ उदयपुरको सह-आयोजनामा सञ्चालन भइरहेको छ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस AIR KINGS PLACEMENT PVT. LTD. इजाजत पत्र न. ७१२/०६४/०६५ मा निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १ | रेखा कार्की | २४३०३०/४२५ | Documentation Officer |
| २ | विना पोखे्रल | ३६१०५५/१२०२ | Documentation Officer |
| ३ | लक्ष्मण सुनुवार | ०३-०१-७३-०२७७९ | Documentation Officer |

**AIR KINGS PLACEMENT PVT. LTD.**
Gov. Lic. No. 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob. : 980-3784885,984-3834191,9709051745,982-7903113, 9801442878

## काठदाउरा लिलामबिक्री सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशितमिति २०८२/११/०७ गते)**

यस सामुदायिक वन उपभोक्ता समूहले स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८२/०८३ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रुखहरू कटान गरी उत्पादन भएका उपभोक्ता भित्र बिक्रीनभई घाटगद्दीमा रहेका विभिन्न जातको गोलिया थान ३९३ को २६९८.८१ क्यू.फिट काठ र दाउरा ३.७५ चट्टालाई (कायम गरिएको १ वटा मात्रलट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नु पर्ने भएको ले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ दिन भित्र कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउसको ३:०० बजे भित्र दाखिला गर्नहुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ।

**तिरतिरे महिला सामुदायिक वन उपभोक्ता समूह**
**शितगंगा न.पा. वडा नं. १०, अर्घाखाँची**

## युएईमा रोजगार

कम्पनी : AL QAMAR AL MASSI PLASTER & TILES CONT L.L.C. SP — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/०४ — चलानी नं.: ६०२२२४२८ — L.T. No.: 307701 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painters | 1 | 0 | स. काममा दक्ष | 1200 | ४७,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035

## यूएईमा रोजगार

कम्पनी: MARINA FACILITIES MANAGEMENT LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०४/२१ — चलानी नं.: ६०२४२५४७ — L.T. No.:328599 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 29 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tiles Fixer | 100 | 0 | | 1500 | ५९,१३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**S. P. M. OVERSEAS PVT. LTD.**
Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Kathmandu Contact No : 984-2151398 / 981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

## यूएईमा रोजगार

कम्पनी : FAHEEM AHMAD ELECTROMECHANICAL EQUIPMENT INSTALLATION ANDMAINTENANCE — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८२/११/०५ — चलानी नं.: ६०२५२६७० — LT. No.: 339112

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 2 | 0 | | 1500 | ५९,१३० | | | | | | | |
| 3. | Plumber | 2 | 0 | | 1500 | ५९,१३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ गते (26 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**TOKIYO OVERSEAS PVT. LTD.**
Govt. License No.: 1307/074/075
Samakushi-26, Kathmandu Nepal. Phone no: 01-4594008. Mobile No: 9851419099.
Email: info@tokiyooverseas.com | Web: www.tokiyooverseas.com

## साउदीमा रोजगार

| कम्पनी | पूर्व स्वीकृत मिति | चलानी नं. | शहर | L.T. No. | सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| SAAD MOHAMMED AL-QARNI COMPANY | २०८२/०९/२४ | ६०२५२६७३ | RIYADH | 336737 | 1. | Construction Workers, Steel Constru | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| SAAD MOHAMMED AL-QARNI COMPANY | २०८२/१०/०४ | ६०२५२५९५ | RIYADH | 337170 | 1. | Construction Labours | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| SAAD MOHAMMED AL-QARNI COMPANY | २०८२/१०/०४ | ६०२५२६७७ | RIYADH | 337166 | 1. | Construction Labours | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| SAAD MOHAMMED AL-QARNI COMPANY | २०८२/१०/०४ | ६०२५२६०३ | RIYADH | 337169 | 1. | Construction Labours | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| SAAD MOHAMMED AL-QARNI COMPANY | २०८२/०९/२४ | ६०२५०४३४ | RIYADH | 336734 | 1. | Construction Labours | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| MOHAMMED SALEH AL-QARNI COMPANY | २०८२/१०/०४ | ६०२५२६७८ | RIYADH | 337167 | 1. | Construction Labours | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| MOHAMMED SALEH AL-QARNI COMPANY | २०८२/१०/०४ | ६०२५२६७६ | RIYADH | 337165 | 1. | Construction Labours | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| MOHAMMED SALEH AL-QARNI COMPANY | २०८२/१०/०४ | ६०२५१०७८ | RIYADH | 337171 | 1. | Construction Labours | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| MOHAMMED SALEH AL-QARNI COMPANY | २०८२/१०/०४ | ६०२५२६७४ | RIYADH | 336736 | 1. | Construction Workers, Steel Constru | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| MOHAMMED SALEH AL-QARNI COMPANY | २०८२/१०/०४ | ६०२५२६७५ | RIYADH | 336735 | 1. | Construction Labours | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १४ देखि १६ गतेसम्म (26 to 28 February 2026) मा हुनेछ।**

**Qualification : SLC passed**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**UNITED PLACEMENT AND EMPLOYMENT SERVICE PVT. LTD.**
पो.ब.नं. ८९७५, इपिसी १८२१, चावहिल, काठमाडौं, नेपाल, फोनः ४५८३९९७
E-mail: upesoverseas44@gmail.com / unitedplacement121@gmail.com /info@upesoverseas.com
श्रम इजाजत नं. ४४/०४९/०५०

ई-कमर्स निर्देशिका

# दर्ताबिना व्यवसाय गरे प्लेटफर्म नै बन्द हुने

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ६ फागुन

अनलाइन व्यापारको बिस्तार बढेसँगै सरकारले 'विद्युतीय व्यापार (ई-कमर्स) निर्देशिका ल्याएको छ। पछिल्लो समय अनलाईन कारोबार बढ्नुको साथै ठगीका घटना समेत बढ्दै गएपछि विद्युतीय व्यापारलाई व्यवस्थित गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ' विद्युतीय व्यापार (इ-कमर्स) निर्देशिका, २०८२' ल्याएको हो। सरकारले अनलाइनबाट हुने व्यापारलाई पारदर्शी, सुरक्षित र विश्वसनीय बनाउन सो निर्देशिका ल्याएको हो।




अब अनलाईन व्यवसाय गर्ने प्रत्येकले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको पोर्टलमा अनिवार्य दर्ता र फर्म सूचीकरण गर्नु पर्नेछ। ऐन बमोजिम प्रक्रिया पूरा गरेर आवेदन दिएको सात दिनभित्र विभागले सूचीकरण नम्बर उपलब्ध गराउने व्यवस्था गरिएको निर्देशिकामा छ।

यदि कुनै फर्मले सूचीकरण नगरी व्यापार गरिरहेको पाइएमा निरीक्षण अधिकृतले सात दिनभित्र सूचीकरण गर्न आदेश दिने र सो अवधिमा पनि सूचीकरण नगरेमा त्यस्तो प्लेटफर्म बन्द वा खारेज गर्ने प्रावधान रहेको छ। सूचीकरणका लागि फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, डोमेन स्वामित्वको सम्झौता, गोपनीयता नीति र साइबर सुरक्षा परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ।

निर्देशिकामा उपभोक्ता हितलाई सुनिश्चित गर्न निर्देशिकामा फिर्ता, मूल्य, ढुवानी र विज्ञापन सम्बन्धी प्रावधान राखिएको छ। व्यवसायीले खरिदकर्तालाई रकम फिर्ता दिनुपर्ने अवस्थामा ७ दिनभित्र फिर्ता गर्नुपर्नेछ।

विद्युतीय व्यापार (इ-कमर्स) प्लेटफर्मले प्रयोगकर्ताको पासवर्ड, फोन/मोबाइल नम्बर, ठेगाना, जन्ममिति लगायत प्रमाणीकरणका लागि प्रयोग हुने संवेदनशील व्यक्तिगत विवरण सुरक्षित रूपमा एनक्रिप्टेड गरी राखुपर्नेछ। अन्य सामान्य विवरणको हकमा अनधिकृत पहुँच, दुरूपयोग वा चुहावट हुन नदिन उचित प्राविधिक तथा व्यवस्थापकीय सुरक्षाका उपायहरू अवलम्बन गर्नुपर्नेछ।

प्लेटफर्ममा कुनै खराबी उत्पन्न भएमा तुरून्त कारोबार बन्द गरी पुनः प्राप्ति (रिकभरी) भईसकेपछि मात्र व्यवसाय सुचारू गर्नुपर्नेछ। सो सम्बन्धी सार्वजनिक रूपमा जानकारी गराउनुपर्ने व्यवस्था निर्देशिकामा छ। फर्मले वस्तु वा सेवा हस्तान्तरण गरेपछि वस्तु वा सेवाको मूल्य र सोमा लाग्ने बिक्रीभन्दा अघि नै तोकिएको ढुवानी वा हस्तान्तरण लागत बाहेक भुक्तानीसँग सम्बन्धित कुनै रकम लिन पाइने छैन।

निर्देशिकाअनुसार विद्युतीय व्यापार (इ-कमर्स) व्यवसायीले व्यावसायिक कारोबार गर्दा नेपाल राष्ट्र बैंकबाट स्वीकृत डिजिटल पेमेन्ट गेटवे मात्र प्रयोग गर्नुपर्ने छ। वस्तु वा सेवाको भुक्तानी नगद मार्फत गरिएको अवस्थामा कारोबारको विद्युतीय बीजक अनिवार्य रूपमा जारी गर्नु पर्नेछ।

त्यस्तै, निर्देशिकाअनुसार नयाँ आउटलेट थप्दा वा विवरण परिवर्तन हुँदा पनि सात दिनभित्र अद्यावधिक गर्नुपर्नेछ। भ्रामक विज्ञापनमा रोक विद्युतीय प्लेटफर्ममा भ्रामक वा अतिरञ्जित सूचना तथा विज्ञापन प्रकाशन गर्न पाइने छैन। यो निर्देशिका लागू भएसँगै नेपालको ई-कमर्स क्षेत्र थप व्यवस्थित हुने र उपभोक्ताहरू ठगिने क्रम घट्ने अपेक्षा गरिएको छ।

# सञ्चालनमा आयो १३२ केभीको बुर्तिबाङ सबस्टेसन




**बागलुङ/मस–** एक सय ३२ केभी बुर्तिबाङ सबस्टेसन सञ्चालनमा आएको छ। यही फागुन २ गते निर्माण सम्पन्न भएपछि फागुन ३ र ४ गते परीक्षण गरिएको सबस्टेसन मंगलबारदेखि नियमित रूपमा सञ्चालन गरिएको हो।

एक वर्ष अघि सञ्चालनमा आउने भनिएको उक्त सबस्टेसनअन्तर्गत बागलुङको बडिगाड गाउँपालिका क्षेत्रमा स्थानीयले टावर निर्माण र लाइन तान्न अवरोध गरेपछि ढिलाइ भएको हो। कपिलवस्तुको मोतिपुरबाट सन्धिखर्कसम्मको लाइन निर्माण विसं २०७८ चैत १२ गते सुरु भएकामा अघिल्लो वर्ष असार ७ गतेदेखि सञ्चालन गर्ने योजना थियो।

ठाउँठाउँमा काम गर्दा अवरोध आएपछि समयमा सञ्चालनमा ल्याउन नसकेको आयोजना प्रमुख मनोज चौधरीले बताए। करिब डेढ वर्ष बडिगाडका स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्चमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको उनको भनाइ छ। गत वर्ष असार ९ गते सर्वोच्चले रिट खारेज गरिदिएपछि तीव्रगतिमा काम गरेर सम्पन्न गरेको उनले बताए।

पहाडी जिल्लालाई केन्द्रीय प्रसारण लाइनसँग जोड्नका लागि कपिलवस्तुको मोतिपुरबाट आयोजनाले अर्घाखाँचीको सन्धिखर्क, गुल्मीको तम्घास, पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने १३२ केभीको सबस्टेसन विसं २०७८ देखि निर्माण सुरु भएको थियो। ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा सबस्टेसन निर्माण गरेर सञ्चालन गरिएको आयोजना प्रमुख चौधरीले जानकारी दिए।

उनले भने, 'हामीले अघिल्लो वर्ष सञ्चालनमा ल्याउने गरी काम गरेका थियौँ तर, विभिन्न समस्याले गर्दा काम सम्पन्न हुन सकेको थिएन, फागुन २ गते काम सकिएलगत्तै परीक्षण गरेका थियौँ, अहिले नियमित रूपमा प्रसारणलाइन सञ्चालनमा आएको छ।'

कपिलवस्तुबाट बुर्तिबाङसम्म ८६ किलोमिटर दूरी रहेको छ। यहाँ 'डबल सर्किट'को तार विस्तार गरिएको प्रमुख चौधरीले बताए। उनका अनुसार चार अर्ब ७९ करोड लागतमा उक्त आयोजना सञ्चालनमा आएको हो।

# अन्नपूर्णबाट चार करोड मूल्यबराबरको सुन्तला बिक्री



**म्याग्दी/मस–** म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका किसानले यस वर्ष सुन्तला बिक्री गरेर करिब चार करोड आम्दानी गरेका छन्। अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखाले किसानहरूले बिक्री गरेको सुन्तलाको विवरण संकलन गरेको हो। कृषि शाखाका प्राविधिक सम्झना खत्रीले पालिकाका सबै बगैँचाबाट तीन करोड ८८ लाख मूल्यबराबरको सुन्तला बिक्री भएको जानकारी दिइन्।

वडा नं १ दोवामा ७० लाख, वडा नं २ भुरुङ-तातोपानीमा ३९ लाख, वडा नं ३ दानामा २१ लाख, वडा नं ४ नारच्याङमा १० लाख, वडा नं ६ घारमा ६० लाख र वडा नं ७ हिस्तान दोसल्ले र औलामा एक करोड ८८ लाख रुपैयाँ मूल्यबराबरको सुन्तला बिक्री भएको उनले बताइन्।

दुई सय जनाभन्दा बढी किसानले न्यूनतम ५० हजारदेखि २० लाख मूल्यबराबरको सुन्तला बिक्री गरेका छन्। सबैभन्दा बढी दोसल्लेका किसान विकास श्रेष्ठले २० लाखको सुन्तला बिक्री गरेका छन्। अन्नपूर्णका किसानले म्याग्दीमा सबैभन्दा पछि माघ लागेपछि सुन्तला टिपेर बजार पठाउन थालेका थिए। फागुन २ गतेसम्म सुन्तला टिपेर बजार पठाएका हुन्। गत वर्षको तुलनामा ४० प्रतिशत कम उत्पादन भए पनि दोब्बर मूल्य पाउँदा आम्दानी बढेको दोसल्लेका किसान श्रेष्ठले बताए।

दोसल्लेका किसानले प्रतिकिलोग्राम २ सय रुपैयाँसम्म सुन्तलाको मूल्य हात पारेका छन्। सुन्तला अन्नपूर्ण गाउँपालिकाको प्रमुख नगदेबाली हो। यहाँ आलुपछि धेरै बिक्री हुने कृषिबालीमा सुन्तला रहेको छ। अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले सुन्तला बगैँचा विस्तार र व्यवस्थापनका किसानलाई सहयोग गरिएको बताए।

# हेटौँडा उपमहानगरले संकलन गर्‍यो २२ करोड राजस्व

**बागमती/मस–** हेटौँडा उपमहानगपालिकाले चालु आर्थिक वर्षको प्रथम सात महिनामा २२ करोड ४५ लाख ४९ हजार ४८५ राजस्व संकलन गरेको छ। अघिल्लो आवको सोही अवधिमा २२ करोड ४३ लाख ८४ हजार ८८८ संकलन भएको उपमहानगरपालिकाका राजस्व शाखाका प्रमुख मनोज सुवेदीले बताए।




उपमहानगरले चालु आवको सात महिनामा सम्पत्ति करबाट पाँच करोड ५४ लाख ९३ हजार १३८, घरबहाल करबाट ३ करोड ४४ लाख ७० हजार ७०६, नक्सापास दस्तुरबाट १ करोड २१ लाख २७ हजार २७ र पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट २ करोड ४४ लाख ४९ हजार २४० रुपैयाँ संकलन गरेको हो।

त्यस्तै, उपमहानगरले सिफारिस दस्तुरबाट १ करोड ७० लाख ३९ हजार १ सय, बहाल बिटोरी करबाट १ करोड ७२ लाख ४४ हजार १४९, व्यवसाय करबाट १ करोड ७१ लाख २ हजार ६१६, अन्य बिक्रीबाट प्राप्त ३ करोड दुई लाख २३ हजार रुपैयाँ संकलन गरेको हो।

# माछापुच्छ्रेले पायो अग्राधिकार सेयर निष्कासन अनुमति

**काठमाडौं/मस–** माछापुच्छ्रे बैंकले अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्काशन गर्ने अनुमति पाएको छ। नेपाल धितोपत्र बोर्ड (सेबोन)ले सो बैंकलाई ३ अर्ब रुपैयाँ बराबरको अग्राधिकार सेयर जारी गर्न अनुमति दिएको हो।




बोर्डले बैंकलाई १ सय रुपैयाँ अंकित दरले कुल ३ करोड कित्ता अग्राधिकार सेयर निष्कासन गर्न अनुमति दिएको हो। सो अनुमति सँगै अब बैंकले ८.२५ प्रतिशत लाभांश दर भएको अग्राधिकार सेयर निष्काशन गर्नेछ, जुन सेयर परिपत्र विधिबाट बिक्री गरिने जनाइएको छ। उक्त सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा बैंकले लक्ष्मी सनराइज क्यापिटललाई नियुक्ति गरेको छ।

# विभागले गर्‍यो फर्मलाई जरिवाना




**काठमाडौं/मस–** बजार अनुमगनलाई तीव्र पार्दै आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता विभागले एक फर्मलाई नगद जरिवाना गरेको छ। स्थललगत अनुमगनका क्रममा कैफियत देखिएपछि काठमाडौं महानगरपालिका ११ ट्रमा सेन्टरको सुनिल क्यान्टिनलाई पाँच हजार जरिवाना गरेको हो।

यस्तै, विभागले हेल्दी बाइट्म सर्भिसेज प्रालि चाबहिललाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र उपस्थित हुन भनेको छ। विभागले थप ११ फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ।

स्थानीय सरोकारवाला, उपभोक्ता अधिकारकर्मी तथा सरोकारवालाहरुको उपस्थितीमा विभागले नियमित रुपमा बजार अनुमगन गरेर कानुन कार्यान्वयन गराउँदै आएको छ।

# डेढ लाख पुगे टिभिएस एनटर्क १२५ का प्रयोगकर्ता

**काठमाडौं/मस–** नेपालमा टिभिएस एनटर्क १२५ स्कुटरको नयाँ रेकर्ड कायम गरेको छ। टिभिएस एनटर्क १२५ स्कुटरको प्रयोगकर्ता १ लाख ५० हजार पुगेसँगै नयाँ रेकर्ड कायम भएको हो।



सो उपलब्धिसँगै एनटर्क नेपालको प्रदर्शन-केन्द्रित स्कुटरहरूमध्ये एक प्रमुख ब्रान्डको रूपमा स्थापित भएको कम्पनीको दावी छ। उक्त माइलस्टोनको अवसरमा जगदम्बा मोटर्स (शंकर ग्रुप अन्तर्गत) ले बुधबार देशभरका अधिकृत टिभिएस सोरुमहरूमा १५० के सेलेब्रेसन आयोजना गरेको थियो।

कार्यक्रममा ग्राहक, राइडर समुदाय, डिलर तथा स्कुटर प्रेमीहरूको उल्लेखनीय सहभागिता रहेको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार सो उपलब्धि केवल बिक्री संख्या मात्र नभई नेपाली सडकमा १ लाख ५० हजार एनटर्क स्कुटर चलिरहेको विश्वासको प्रमाण हो।

सो अवसरमा जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ताले १ लाख ५० हजार राइडरको माइलस्टोन नेपाली ग्राहकको भरोसा र कम्पनीको सेवा नेटवर्कको समर्पणको प्रतिफल भएको उल्लेख गर्दै सम्पूर्ण ग्राहक, डिलर तथा साझेदारप्रति आभार व्यक्त गरेका थिए।

# एनसेल र फुडमाण्डुबीच साझेदारी

**काठमाडौं/मस–** एनसेलले फुडमाण्डुसँग साझेदारी गर्दै नयाँ आकर्षक अफर सुरु गरेको छ। ग्राहकलाई दूरसञ्चार सेवाका साथै फुडमाण्डु अर्डरमा छुट सुविधा पदान गर्ने उद्देश्यले सो अफर सुरु गरेको हो।




सो अफरमा एनसेलका ग्राहकहरूले फुडमाण्डुमा गर्ने खानाका परिकारको अर्डरमा १५० रूपैयाँको छुट पाउँछन्। फागुन ५ देखि सञ्चालनमा आएको यो अफरमा ९९ रूपैयाँ वा सोभन्दा बढी मूल्य रहेका अफरमा समावेश कुनै पनि एनसेल प्याकको खरिदमा ग्राहकहरूले १५० रूपैयाँ छुटको कुपन प्राप्त गर्दछन्।

सो कुपन फुडमाण्डुमा एक हजार रूपैयाँ वा सोभन्दा बढी मूल्यका विभिन्न परिकारका अर्डरमा प्रयोग गर्न सकिन्छ। एनसेल डेटा, भ्वाइस वा कम्बो प्याक खरिद गर्ने ग्राहकहरूले छुट कुपन पाउँछन्।

ग्राहकहरूले यी प्याकहरू एनसेल एपमार्फत वा नजिकैको एनसेल पसलबाट खरिद गर्न सक्छन्। ग्राहकले प्याक लिएपछि छुट कुपन एसएमएसमार्फत प्राप्त गर्दछन्। यदि ग्राहकले एकभन्दा बढी अफरमा समावेश प्याक खरिद गरेमा उनीहरूले त्यही अनुसार एक भन्दाबढी १५० रुपैयाँ छुटका कुपनहरु प्राप्त गर्ने जनाइएको छ। यसरी प्राप्त कुपन फुडमाण्डुको मोबाइल एप वा आधिकारिक वेबसाइट मार्फत खाना अर्डर गर्दा प्रयोग गर्न सकिन्छ। कुपन जारी मितिदेखि २८ दिनसम्म मान्य रहने र यो अरु कसैलाई दिन नपाइने पनि अफरको नियम रहेको छ। तर, सो अफर एनसेलको रिन्युवल प्याक, सापटी प्याक र गिफ्ट प्याक खरिदमा लागू हुँदैन।

# साके एन्ड फेङमा नेवारी परिकार

**काठमाडौं/मस–** लाजिम्पाटस्थित होटल ले हिमालयको छैठौं तलामा रहेको पान-एशियन फाइन डाइनिङ रेस्टुरेन्ट साके एन्ड फेङले नेवारी परिकारहरू समेटिएको नयाँ विशेष मेनु सार्वजनिक गरेको छ। स्थानीय स्वाद, सांस्कृतिक मौलिकता र उच्चस्तरीय डाइनिङ अनुभव एउटै स्थानमा प्रस्तुत गर्ने उद्देश्यका साथ रेष्टुरेन्टले सो नयाँ मेनु सुरु गरेको हो।

साके एन्ड फेङ पान-एशियन भोजनका लागि परिचित रेस्टुरेन्ट हो। यसले इनडोर तथा आउटडोर एम्बियन्स, निजी डाइनिङ र मिटिङ रूम, कराओके रूम र रूफटप स्पेसजस्ता सुविधाहरू प्रदान गर्दै आएको छ। यी सबै सेवा समेटेर, निजी कार्यक्रम, सामाजिक जमघट र कर्पोरेट इभेन्टका लागि उपयुक्त वातावरण सिर्जना गरिएको छ।

नेवारी संस्कृति आफ्नो परम्परा, चाडपर्व, कला, वास्तुकला र खाजा तथा विविध परिकारका लागि प्रसिद्ध छ। नेवारी खाजा नेपालको सांस्कृतिक रूपमा समृद्ध परिकारका लागि परिचित छ। यसको स्वाद, मसला, बनाउने तरिका र विविधताका कारण विशेष मानिन्छ।

अब रेस्टुरेन्टका सबै ग्राहकहरूले पान-एसियन फाइन डाइनिङको अनुभवसँगै मौलिक नेवारी स्वादको पनि आनन्द लिन पाउनेछन्। साके एन्ड फेङले गुणस्तरीय सामग्री, परम्परागत विधि र उत्कृष्ट प्रस्तुतीकरणमार्फत नेवारी भोजनलाई विशेष रूपमा प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।







प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**